का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ पुस २०८०,
आइतबार
14 January 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३४० । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

माओवादीको विधान मस्यौदा

## अनन्तकालसम्म अध्यक्षमा प्रचण्ड !

झण्डै चार दशकदेखि एकल नेतृत्व स्वीकार गरेको माओवादी केन्द्रका कतिपय नेता कार्यकर्ताले आठौं महाधिवेशनमै पार्टी विधानमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी एउटै पदमा रहन नपाउने गरी विधान संशोधन गर्न माग गरेका थिए । तर प्रचण्डको नेतृत्वमा कसैले पनि चुनौती दिएका थिएनन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

नेकपा माओवादी केन्द्रको पार्टीको विधान मस्यौदा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई बुझाएको छ । उक्त विधान मस्यौदामा पार्टी अध्यक्ष जति समय वा जति कार्यकालसम्म समेत रहन पाउने भाषाको प्रयोग भएको छ ।

पार्टी उपाध्यक्ष पम्फा भुसाल नेतृत्वको विधान मस्यौदा समितिले अध्यक्ष प्रचण्डलाई मस्यौदा प्रतिवेदन बुझाएको हो । जहाँ अध्यक्ष र मन्त्रीहरुको कार्यकाल आवश्यकताका आधारमा दुई पटक रहने गरी तोक्न सकिने प्रस्ताव गरिएको छ । यो विषयमा समितिका सदस्यबीच समेत मत बाझिएका नेताहरु बताउँछन् ।

मस्यौदा समितिले केन्द्रीय सदस्यको संख्या १५१ रहने प्रस्ताव गरेको छ भने पार्टीको प्रदेश अध्यक्षलाई समेत केन्द्रीय सदस्य बनाउने प्रस्ताव गरेको छ । माओवादी केन्द्रमा प्रचण्ड झण्डै चार दशकयता अध्यक्ष रहँदै आएका छन् ।


प्रस्तावित मस्यौदामा अध्यक्षसहित उपाध्यक्ष, महासचिव र सचिव रहने प्रस्ताव गरिएको छ भने उपमहासचिव नराख्ने सहमति छ । आवश्यकताअनुसार उपाध्यक्ष र सचिवको संख्या थपघट गर्ने गरी ९ देखि ११ जनासम्म पदाधिकारी राख्ने समितिको प्रस्ताव छ ।

तर पार्टी संगठनको नेतृत्वमा कति समय रहने भन्ने निक्र्योल गर्न गरिएको प्रस्तावमै आवश्यकताको आधारमा भनेर पार्टी अध्यक्षमा प्रचण्ड अनन्तकालसम्म रहने बाटो खुला गर्ने गरी विधान मस्यौदा तयार भएको माओवादी नेताहरु नै बताउँछन् ।

माओवादी केन्द्रले फागुन पहिलो हप्ता विधान अधिवेशन गर्ने भएको छ । शनिबार बसेको पार्टीको स्थायी कमिटी बैठकले फागुन १, २ र ३ गते विधान अधिवेशन गर्ने निर्णय गरेको प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए । उनका अनुसार स्थायी कमिटी बैठकले प्रतिनिधि छनोटको मापदण्ड पनि बनाएको छ ।

प्रस्तावित मस्यौदा विधान अधिवेशनबाट जस्ताको तस्तै पारित भए माओवादीमा प्रचण्डको नेतृत्व अनन्तकालसम्म रहन सक्ने बाटो विधानतः खुला हुनेछ ।

तर २०७८ सालको पुस तेस्रो साता भएको महाधिवेशनबाट पुनः नेतृत्वमा चुनिएपछि प्रचण्डले 'सम्भवतः उमेरका कारणले पनि नेतृत्व हाँक्ने अन्तिम अवसर' भएको बताएका पृष्ठ २ मा




राष्ट्रिय सभा चुनाव

## उम्मेदवारले पाए चुनाव चिह्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस ।

राष्ट्रिय सभा चुनावका उम्मेदवारहरुले चुनाव चिह्न पाएका छन् । आगामी माघ ११ गते राष्ट्रियसभा सदस्यका लागि मतदान हुनेछन् । निर्वाचन तालिका अन्तर्गत उम्मेदवारले चुनाव चिह्न पाएका हुन् ।

निर्वाचन आयोगको स्वीकृत कार्यक्रमअनुसार शनिवार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न प्रदान गरेको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार सातवटै प्रदेश निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन पृष्ठ २ मा

छुट्टाछुट्टै सवारी दुर्घटना

## १९ जनाको मृत्यु


दाङमा शुक्रबार राति दुर्घटनामा परेको बस ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

देशका छुटाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी १९ जनाको मृत्यु भएको छ भने ३३ जना घाइते भएका छन् ।

बाँकेको नेपालगञ्जबाट काठमाडौँका लागि छुटेको यात्रुबाहक बस दाङको भालुबाङस्थित पुलबाट राप्ति नदीमा खस्दा १२ जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन् ।

दाङको भालुवाङस्थित इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक उज्वलबहादुर सिंहका अनुसार शुक्रबार राति १०:३० बजे नमस्ते यातायातको भे १ ख ३९१२ नम्बरको बस दुर्घटनामा परेको थियो ।

दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामबहादुर केसीका अनुसार मृत्यु हुने १२ जनाकै सनाखत भएको छ भने घाइतेहरुको बाँकेका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

उक्त दुर्घटनामा मृत्यु हुनेहरुमा मकवानपुरको हेटौँडाका ३९ वर्षीय सौरभ विष्ट, काठमाडौँको चन्द्रागिरि नगरपालिका-१५ का ६५ वर्षीय ताराकान्त पाण्डे, भारत उत्तर प्रदेशका ३१ वर्षीय मुने, जुम्लाको चन्दननाथ नगरपालिका-९ का ४० वर्षीय मुनबहादुर रावत, बाँकेका २० वर्षीय रामबहादुर हरिजन, रुकुमको गोतामकोट-९ का २५ वर्षीय दीपक डाँगी, भारत विहारका ६७ वर्षीय योगेन्द्र राम तथा बाँकेको नेपालगञ्जकी ६० वर्षीया कुसुम बस्नेत रहेकी छिन् ।

त्यस्तै चितवन भरतपुर उपमहानगरपालिका-२५ का ३५ वर्षीय अनिल खड्का, बाँकेको खजुरा गाउँपालिका-३ सिर्जनशील टोलका २५ वर्षीय सन्जय केसी, बाँकेकै कोहलपुर नगरपालिका-८ का २८ वर्षीय अर्पन थापा र भारतको बहराइज नानपारा बग्लुभौतपुरका ४५ वर्षीय पृष्ठ २ मा

### चेकपोइन्ट छल्दै चालकले हुइँकाएका थिए गाडी

अहिलेसम्म खासै दुर्घटना नभएको सहज ठाउँमा गाडी दुर्घटनामा परेपछि दाङ प्रहरीले त्यसको अनुसन्धान थालेको छ ।

प्रारम्भिक अनुसन्धानमा प्रहरीले चालककै कमजोरी जस्तो देखेको भए पनि दुर्घटनाको कारण मानवीय त्रुटी हो या बसको प्राविधिक कमजोरी भन्ने निष्कर्षमा भने अझैं पुगि नसकेको दाङका प्रमुख एसपी रामबहादुर केसी बताए । प्रहरीले उक्त गाडीका चालक चालक सल्यानको त्रिबेणी गाउँपालिका -४ का २८ वर्षीय लालबहादुर नेपालीलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । दुर्घटना स्थल नजिकै प्रहरी चेकपोइन्ट छ ।

बाँके हुँदै काठमाडौं आउँदा चेकपोन्टमा विवरण टिपाउनुपर्छ अनि मात्रै पुलमाथि हुँदै गाडि अगाडि बढ्छ ।

तर, एसपी केसीका अनुसार चालकले शुक्रबार राती चेकपोइन्टमा समेत नरोकी गाडी कुदाएका थिए । 'चेकपोइन्टमा नरोकी हुँइकिएको बस थोरै अघि पुग्ने वित्तिकै दुर्घटनामा पऱ्यो,' उनले भने । त्यही समयमा प्रहरीले दुईवटा बस चेकजाँच गरिरहेको र रोक्न खोज्दा पनि चालक नेपालीले गाडी कुदाएपछि अनियन्त्रित पुलबाट गाडी नदीमा खसेको उनले बताए । प्रहरी नियन्त्रणमा रहेका चालक नेपालीले भने बस गुड्दागुड्दै पट्टा भाँच्चिएर चक्का नघुमेपछि अनियन्त्रित भएर नदीमा खसेको बताएका छन् ।

५४ वर्षीया तारादेवीको पीडा

## गाँसको ठेगान छैन आवासको के कुरा

एकल महिला तारादेवी साहाराविहीन छिन् । उनको गुजारा गर्ने एकमात्रै आधार एकल महिलालाई सरकारले दिने भत्ता हो । तर आवासको अवस्था दयनीय छ ।

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २८ पुस

संविधानतः प्रत्येक नेपालीको गाँस, बास र कपासको उपलब्धता मौलिक हक हो । तर व्यवहारमा ठूलो संख्याका नेपालहीहरु गाँस, बास र कपासकै अभावमा जीवन बिताइरहेका छन् । एक उदाहरण हुन्, जुम्लाको चन्दननाथ नगरपालिका वडा नं. ४ को मालाभिड गाउँमा बस्दै आएकी तारादेवी देवकोटा (अधिकारी) पृष्ठ २ मा



## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार बोर्ड सचिवालयको मिति २०८०/०७/२१ गते बसेको बोर्ड बैठकको विषयमा वैदेशिक रोजगारसँग सम्बन्धित केही संस्थाहरुले संघका अध्यक्षका रुपमा भएको मेरो उपस्थितिलाई लिएर जारी विज्ञप्तिको सम्बन्धमा ध्यानाकर्षण भएको छ । उक्त बैठकमा प्रस्तुत एजेण्डाहरुमा कार्यकारी निर्देशकले 'वैदेशिक रोजगारको सिलसिलामा विभिन्न श्रम गन्तव्य मुलुकमा जाने श्रमिकहरुको हितमा हुने गरी कल्याणकारी कार्यका निम्ति उक्त मुलुकहरुमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रहरुसँग बोर्डलाई थप आर्थिक दायित्व नपर्ने गरी द्विपक्षीय समझदारी सम्झौता गर्न वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशकलाई अख्तियारी दिने' विषय उठेको थियो । उक्त बैठकको एजेण्डामा नै नरहेको विषयलाई तोडमोड गरी कामदारलाई आर्थिक भारसमेत पारी मलेसियाको FWWMC नामक निजी कम्पनीसँग सम्झौता गरिएको प्रति मेरो गम्भीर आपत्ति रहेको जानकारी गराउँदछु । नाम नै नउठेको संस्था, आर्थिक भारको विषय कहीँ कतै उठेको पनि थिएन ।

बोर्ड सदस्यहरुलाई जानकारी नगराइ माइन्युट निर्णय बनाएर सम्झौता गर्ने कार्यकारी निर्देशकको गैरकानूनी कार्यप्रति आपत्ति जनाउँदै घोर विरोध समेत गर्दछु । म व्यवसायीहरुको हक हितको लागि इमानदारपूर्वक प्रतिबद्ध रहेको र जुनसुकै किसिमको सिन्डिकेटविरुद्ध पनि डेटर प्रतिरोध गरिरहेको छु र भविष्यमा पनि गरिरहने छु भन्न चाहन्छु । वैदेशिक रोजगार बोर्ड सचिवालयको बैठकमा मेरो उपस्थितिको हस्ताक्षरलाई फरक ढंगले निर्णय बनाइ गलत प्रयोग भएकोले कार्यकारी निर्देशकको गलत कार्यप्रति प्रश्न उठेको छ । उक्त गलत सम्झौताको खारेजीका लागि यस संघले पत्रकार सम्मेलन गरेपश्चात सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण भइ कार्यान्वयन नगर्न निर्देशन दिइसकेको अवस्था छ । सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनलाई आलटाल गरेर सम्झौता खारेज नगरे यस संघले सशक्त प्रतिरोध गर्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछु । साथै सम्पूर्ण व्यवसायीज्यूहरुलाई व्यवसायीबीच एकता कायम राख्दै संघलाई अझ मजबुत बनाइ निरन्तर व्यवसायीको हक हितमा क्रियाशील रहने प्रेरणा दिनुहुन अनुनय गर्दछु । तसर्थ कुनै पनि किसिमको गलत अफवाहको पछि नलाग्नसमेत हार्दिक अपिल गर्दछु ।

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

वैदेशिक रोजगार विशेष

## काठमाडौंमा साउदी भिसा सेवा केन्द्र 'तशीर'को उद्घाटन

**सहबाज खान/मध्यान्ह**
काठमाडौं, २८ पुस

काठमाडौंमा साउदी भिसा सेवा केन्द्र 'तशीर'को उद्घाटन गरिएको छ । नेपालका लागि साउदी अरेबियाका राजदूत साद बिन नासेर अबु हैमदले राजधानीको थापाथलीमा स्थापना गरिएको साउदी भिसा सेवा केन्द्रको शुक्रबार एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन् ।




सो अवसरमा राजदूत अबुहैमदले सूचना प्रविधिमा आएको आधुनिक परिवर्तनअनुसार भिसा सेवाहरू प्रदान गर्ने र नेपालबाट दक्ष जनशक्ति भर्ना प्रक्रियालाई सहजीकरण गर्न साउदी भिसा सेवा केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । पृष्ठ २ मा

### साउदीमा मृत्यु भएका भोजराजका परिवारलाई आर्थिक सहयोग



काठमाडौं/मस- वैदेशिक रोजगारको सिलसिलमा साउदी अरेबियामा मृत्यु भएका भोजराज कुमालको परिवारलाई साउदीको रोजगारदाता कम्पनीले आर्थिक पृष्ठ २ मा

# नेपाली सेना राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदार : उपप्रधानमन्त्री खड्का

काठमाडौं/मस-उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले जाजरकोट र रुकुमपश्चिम भूकम्पका घाइतेको खोज, उद्धार, राहत वितरण र पुनःस्थापनामा नेपाली सेनाले पुऱ्याएको योगदानको प्रशंसा गरेका छन् । उत्तरपश्चिम पृतना हेडक्वार्टर सुर्खेतको निरीक्षण गर्दै उनले सेनाको योगदान र पेशागत दक्षताको उच्च प्रशंसा गर्दै सोका लागि सरकार र आफ्नो तर्फबाट पनि विशेष धन्यवाद दिएका उनको सचिवालयले जनाएको छ ।




'सीमित स्रोत, साधन र सुविधाको बाबजुद नेपाली सेनाले अहोरात्र राष्ट्र र जनताको सेवामा समर्पित रही काम गर्दै आउनुभएको छ । आफ्नो कार्य सम्पादनका क्रममा नेपाली सेनाले भोग्नुपरेका समस्या तथा अप्ठ्याराहरूलाई नेपाल सरकारले महसुस गरेको छ', रक्षामन्त्री खड्काले भने,'ती समस्या तथा अप्ठ्याराहरूलाई आगामी दिनमा सरकारले क्रमशः सम्बोधन हुनेछन् ।'

उपप्रधानमन्त्री खड्काले कर्णाली प्रदेश तथा सुर्खेत जिल्लामा नेपाली सेनालाई तालिम इलाका, ब्यारेक तथा अस्पताल निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने प्रकृया अगाडि बढाइएको जानकारी गराए ।

राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदारका रुपमा रहेको नेपाली सेनाले देशभित्र मात्रै नभइ विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा संयुक्त राष्ट्र संघको झण्डा मुनी रहेर शान्ति स्थापनामा विशेष योगदान दिएको भन्दै रक्षामन्त्री समेत रहेका खड्काले नेपाली शान्ति सैनिकले विश्व शान्तिदूतका रुपमा खटिएर पूरा गर्दै आएको भूमिकाको अन्तर्राष्ट्रिय जगतबाट सधैँ उच्च प्रशंसा हुने गरेको बताए ।

# पूर्वराजा शाह माघ २ गते रौतहट आउने

**रौतहट/मस-** पूर्वराजा ज्ञानेन्द्र शाह माघ २ गते रौतहट आउने कार्यक्रम तय भएको छ । केही दिनअघि भैरहवाबाट सिमरा आएका पूर्वराजा शाह रौतहटको शिवनगर स्थित शिवमन्दिर दर्शन तथा पूजा अर्चनाका लागि रौतहट आउन लागेका हुन् । सिमरा आएको चार दिनपछि पूर्वराजाको मधेश भ्रमणको कार्यक्रमको तालिका सार्वजनिक गरिएको छ । सो कार्यतालिका अनुसार माघ २ गते रौतहट आउने तय भएको राष्ट्रिय शक्ति नेपाल जिल्ला कार्यसमिति रौतहटका अध्यक्ष रामबाबु साह तेलीले जानकारी दिए । पूर्वराजा आउने तय भएपछि आवश्यक तयारी थालिएको उनले बताए ।

पूर्वराजा शाहलाई स्वागत तथा नागरिक अभिनन्दनका कार्यक्रम गरिने तय भएकाले सो अनुसार तयारी थालिएको उनले बताए । नागरिक अभिनन्दनका कार्यक्रममा धर्म संस्कृति संगठनका प्रतिनिधिहरु तथा साधुसन्तलगायतको उपस्थिति रहने उनले बताए । विशाल जनसहभागितामा पूर्वराजा शाहलाई स्वागत तथा अभिनन्दन गरिने उनले दाबी गरे । पूर्वराजा शाहले शनिबार सर्लाही बरथहवास्थित मुक्तेश्वर मन्दिरमा पूजा अर्चना गरेको जनाइएको छ ।

## गेरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**पशुपतिनगर, बर्दिया प्रदेश, नेपाल**

### गेरुवा गाउँपालिकाको शीतलहर सम्बन्धी जनहितमा जारी सन्देश

१. शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्यु समेत हुन सक्छ । त्यसैले न्यायो कपडाको जोहो समयमै गरौं ।
२. शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
३. शीतलहरको समयमा घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यायो कपडा लगाऔं ।
४. रातको समयमा घरभित्र सिरक, कम्बल जस्ता न्यायो कपडा ओढ्ने गरौं ।
५. रुममा राती सुत्दा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
६. शीतलहर चलेको समयमा आगो तापेर शरीर न्यायो राख्ने गरौं ।
७. चिसोका समयमा शरीरलाई चाहिने आवश्यक तातो पानी, झोलयुक्त खानेकुराहरु खाने बानीको विकास गरौं ।
८. बालबालिका, बुढाबुढी, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यायो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
९. चिसोका कारण बिरामी भएमा तत्कालै नजिकैको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
१०. शीतलहर चलेको बेला पाल्तु पशुपंक्षीलाई सबेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ टहरामै खारेर प्रयाप्त घाँस, पराल र दानाको व्यवस्था मिलाऔं ।
११. चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्त सम्पर्क गरी औषधी उपचार गर्न लैजाऔं ।
१२. कोठाभित्र आगो बाली तातो पार्दा प्रयाप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| नरबहादुर चन्द | लक्ष्मी कुमार चौधरी | जमान सिंह के.सी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

# माता बागेश्वरी बचत तथा ऋण सहकारी संस्थाको बचत सात करोड

**दिनेश ठाकुर/मध्यान्ह**
नेपालगञ्ज, २८ पुस

माता बागेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सात करोड बचत गरेको छ । शनिबार नेपालगञ्जमा भएको संस्थाको १३औँ वार्षिक साधारण सभामा प्रबन्धक लक्ष्मी काफ्लेले आर्थिक वर्ष ०८०-०८१ सम्म सात करोड बचत गरेको जानकारी दिइन् ।

आव ०७९-०८० मा पाँच करोड २५ लाख ९६ हजार ३७९ रुपैयाँ बचत गरेको उक्त संस्थाले चालु आवको ६ महिनासम्म ६ करोड २५ लाख ३५ हजार ६ सय रुपैयाँ ऋण लगानी गरेको छ। गत आवमा पाँच हजार ५४ जना शेयर सदस्य रहेको माता वागेश्वरी बचत तथा ऋण सहकारी संस्थामा चालु आवको ६ महिनासम्म पाँच हजार सात सय शेयर सदस्य पुगेको उनले जानकारी दिइन् ।

संस्थाले चालु आवसम्म एक करोड ७५ लाख ४४ हजार ५६६ रुपैयाँ आम्दानी गरेको जनाउँदै उनले संस्थासँग १० लाख ८६ हजार ८८१ रुपैयाँ सम्पत्ति रहेको बताइन् ।

सहकारीसँग ८८ लाख ७५ हजार शेयर पुँजी रहेको अध्यक्ष सफिक अहमद हलवाईले जानकारी दिए । उनले ३३ लाख १८ हजार ७४५ रुपैयाँ जगेडा तथा अन्य कोषमा रहेको बताउँदै आठ लाख २२ हजार २२० रुपैयाँ बैंकमा मौज्दात रहेको बताए ।

उनले सहकारी ऐन, नीति, नियम र परिधिभित्र रहेर सहकारी सञ्चालन गरेको बताउँदै बचतकर्ताको रकम सुरक्षित गर्न सहकारीले दृढ संकल्प लिएको स्पष्ट पारे । नियमित लेखा परीक्षण गरि सहकारीलाई पारदर्शी बनाएको दावी गर्दै अध्यक्ष हलवाईले शेयर सदस्यको सहभागितामा साधारणसभा गर्दै आएको जानकारी दिए ।

### अनन्तकालसम्म...

थिए। ३५ वर्षको हुँदा दल नेकपा मशालको प्रमुख अर्थात महामन्त्री भएका प्रचण्डले नेतृत्व हाँक्ने अन्तिम अवसर भन्दै अध्यक्षमा चुनिएर पाँच दलीय सत्ता गठबन्धन बनाएर चुनाव लडे। २०७९ को मंसिरमा सम्पन्न चुनावमा माओवादीलाई ३२ सिट सहित तेस्रो पार्टी बनाए। हाल उनी नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धनको तर्फबाट सरकारको नेतृत्व गरिरहेका छन् ।

यो बेला हुन लागेको विधान महाधिवेशनमा प्रचण्ड अझै पार्टी नेतृत्वमा रहन सक्ने गरी मस्योदा तयार भएको हो। एउटै व्यक्ति चार दशकसम्म पार्टी नेतृत्वमा रहन सक्नु नै निकै कम हुने गर्दछ । तर प्रचण्ड अझै नेतृत्वमा अनन्तकालसम्म रहन सक्ने अवस्थाको आकलन विधान मस्यौदा समितिले गरेको देखिन्छ ।

झण्डै चार दशकदेखि एकल नेतृत्व स्वीकार गरेको माओवादी पार्टीका कतिपय नेता कार्यकर्ताले आठौं महाधिवेशनमा भने पार्टी विधानमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी एउटै पदमा रहन नपाउनेगरी विधान संशोधन गर्न माग गरेका थिए । तर प्रचण्डको नेतृत्वमा कसैले पनि चुनौती दिएनन् । यसपटक विधान मस्यौदामा पार्टी अध्यक्ष र मन्त्री दुई कार्यकालभन्दा बढी रहन नपाउने भनिएको छ तर, आवश्यकताको आधारमा । यस्तो भाषा प्रयोग गरेर माओवादीमा प्रचण्डको नेतृत्वमा फेरि पनि चुनौती नरहेको सन्देश मस्योदा समितिले दिएको हो ।

### छुट्टाछुटै...

चेतराम सिल्पकारको पनि दुर्घटनामा परि मृत्यु भएको छ। काठमाडौंमा भएको सवारी दुर्घटनामा ५ जनाले ज्यान गुमाएका छन्। चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतो पहरा भन्ने ठाउँमा शनिबार दिउँसो भएको सवारी दुर्घटनामा ५ जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट चित्लाङतर्फ गइरहेको गाडी अनियन्त्रित भई सडकदेखि पाँच सय मिटर तल खसेर दुर्घटना भएको निमित्त प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

दुर्घटनामा काठमाडौंको मैतिदेवी बस्ने वर्ष ६७ वर्षीय ओमकार निधि तिवारी, सोही स्थानका ६४ वर्षीया कल्पना तिवारी र काठमाडौंको लाजिम्पाट बस्ने डा. महेशकुमार गौतम र ४ वर्षीय प्रियान्स गौतमको मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै घाइते स्मारिका गौतमको बयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । उनकी आमा डा.सृष्टि तिवारी भने गाडीबाट हाम फालेर बाँच्न सफल भएकी थिइन् ।

त्यस्तै बागलुङको ढोरपाटनमा शनिबार बिहान भएको जीप दुर्घटनामा दुईजनाको घटनास्थलमै मृत्यु भएको थियो भने नौजना घाइते भएका थिए ।

बुर्तिबाङ बजारबाट ढोरपाटन उपत्यकातर्फ जाँदै गरेको जीप ढोरपाटन नगरपालिका-५ अस्तुमा दुर्घटनामा परेको थियो । दुर्घटनामा जीप चालक ढोरपाटन नगरपालिका-४ का ३० वर्षीय तिलक घर्तीमगर र चन्द्रागिरि नगरपालिका-११ काठमाडौंकी २८ वर्षीया संगीता अधिकारीको मृत्यु भएको थियो । घाइते लक्ष्मी गैरै, जोगनारायण गैरे र निरुता गैरेलाई थप उपचारका लागि पोखरास्थित मणिपाल शिक्षण अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी निरीक्षक दीपकबाबु केसीले जानकारी दिए । अन्य ६ जना घाइतेको भने बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । जीपको ब्रेक फेल भएर दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

### राष्ट्रिय...

चिह्न प्रदान गरिएको छ । निर्वाचनमा आठ राजनीतिक दलका ५१ जना उम्मेदवार मैदानमा छन्। निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारी मनोनयनपत्र दर्ता भएको थियो । आयोगका अनुसार कोशी प्रदेशमा पाँच, मधेसमा पाँच, बागमतीमा १५, गण्डकीमा आठ र लुम्बिनी प्रदेशमा छ जना उम्मेदवार छन्। कर्णाली प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा छ/छ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ। सातै प्रदेशमा महिला समूहतर्फ १८, दलित समूहतर्फ पाँच, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २० गरी जम्मा ५१ जना उम्मेदवार छन् ।

### ५४ वर्षीय...

देवकोटा एकल महिला हुन्। उनको विवाह हिमा गाउँपालिकाका ६ पातरखोलाका उम्मराज अधिकारी (कञ्चनसागर)सँग झण्डै २३ वर्ष अगाडि भएको थियो। उनका श्रीमान अधिकारी माओवादीले सञ्चालन गरेको तत्कालीन जनयुद्धमा २०५५ सालमा होमिए । त्यसबेला तारादेवी गर्भवती थिइन् ।

श्रीमान युद्धमा होमिएपछि उनी चन्दननाथ नगरपालिका ४ स्थित माइती गएर बसिन् । माइतीमै बच्चा जन्माइन् । माइतीमा पनि तारादेवीका बुवा आमा थिएनन् । विवाह नगरी बसेका दाजु कुलदेव देवकोटा थिए । कुलदेवको मुत्यु भइसकेको छ। जनयुद्धमा गएका श्रीमानले अर्कै विवाह गरे । कञ्चनसागरकी कान्छी श्रीमतीबाट दुई जना सन्तान छन्। उनीहरु श्रीमानको घरमै बस्छन् । श्रीमानको भने निधन भइसकेको छ । तारादेवी भने माइतीमै छिन् ।

माइतीको घर पुरानो थियो, जीर्ण भएर भत्कियो । अहिले टहरामा बस्छिन् । 'पेट भर्नका लागि खर्च जुटाउँदै हैरान छ, कसरी घर बनाउनु' उनी भन्छिन्, 'घर भत्केको केही समयसम्म गाउँलेको घरको कोठा मागेर बसेँ । केही समय देउता राख्नको लागि गाउँमै बनाइएको तल्लो तलामा बसियो । अहिले काठ र ढुंगाको टहरा छ ।' तारादेवीका दाजु कुलदेवको हाल रहेकै टहरामा मृत्यु भएको थियो ।

तारादेवीको छोरा पनि उनीसँगै छन् । 'छोरालाई कक्षा १२ सम्म जेनतेन पढाएकी छु' उनी भन्छिन्, 'छोराले आमाको दुःख देखेर व्यवहार नगर्दा पीडा हुन्छ ।' तारादेवीका अनुसार छोराले आफूलाई हप्काउने, थर्काउने, पैसा माग्ने गर्छन् । उनका छोरा कहिले सुर्खेत कहिले काठमाडौंतिर बस्ने गर्छन् ।

तारादेवी ५४ वर्षकी भइन् । उनको गुजारा गर्ने आधार एकल महिलालाई दिने भत्ता हो । तर आवासको अवस्था दयनीय छ। स्थानीय देवीप्रसाद सिम्खाडा तारादेवीका लागी बस्ने बास आवश्यक भएको बताउँछन् । उनी भन्छन्, 'तारादेवीको सहाराको लागि भएपनि उनका छोरा पंख अधिकारीलाई रोजगारी दिनुपर्ने देख्दछु ।'

चन्दननाथ नगरपालिका ४ का वडाध्यक्ष नवराज देवकोटा तारादेवीको विषयमा बसेर छलफल गर्ने बताउँछन् ।

### काठमाडौंमा...

उनले भने, 'साउदी अरेबिया जाने सबै प्रकारका भिसाका लागि आवश्यक प्रक्रिया २४ घण्टाभित्रै पूरा हुनेछन् ।' उनले साउदी सरकार विद्युतीय सेवाहरूको उच्चतम प्रयोग गरी भिसा प्रक्रियालाई सरलीकरण गर्ने योजनामा रहेको भन्दै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरू रोजगारीमा जाँदा कुनैपनि प्रकारको समस्या पर्न नहुने विषयलाई ध्यानमा राखिएको बताए ।

राजदूत अबुहैमदले भिजिट भिसामा साउदी भ्रमण गर्न चाहनेले आफैंले केन्द्रमा आवेदन दिन सक्ने र रोजगारका लागि जाने नेपाली कामदारको भिसाका लागि नेपाली म्यानपावर कम्पनीहरूले भिसाका कागजातहरू दूतावासमा बुझाउन सक्ने बताए । उनले नेपाली कामदारको हकमा बायोमेट्रिक फिंगरप्रिन्ट प्रक्रिया लागू गरिएको र उक्त कार्य साढे चार अमेरिकी डलरमा सहजै गर्न सकिने प्रबन्ध मिलाइएको बताए ।

उद्घाटनका अवसरमा परराष्ट्र मन्त्रालयका कन्सुलर विभागका महानिर्देशक प्रकाशमणि पौडेल, दूतावासको कन्सुलर शाखा प्रमुख मन्सुर अल्मनसुर, साउदीको परराष्ट्र मन्त्रालय भिसा सेवा केन्द्रका पर्यवेक्षक नायफ अल-कहतानी र कम्पनीका प्रतिनिधि महमुद शेखको उपस्थिति रहेको थियो ।

राजदूत अबु हैमद र महानिर्देशक पौडेलले केन्द्रको भ्रमण गरी केन्द्रले प्रदान गर्ने भिसासम्बन्धी सबै सेवाहरूको बारेमा विस्तृत जानकारी लिएका थिए । महानिर्देशक पौडेलले उक्त समारोहमा आफूलाई आमन्त्रित गरेकोमा धन्यवाद व्यक्त गर्दै वैदेशिक रोजगारीका सन्दर्भमा दुई देशका सरकारबीचको सहकार्यले थप उचाई लिने विश्वास व्यक्त गरे । भिसा केन्द्रले साउदीमा काम गर्न जाने वा भ्रमण गर्न चाहने नेपालीहरूका लागि भिसा र यात्रा प्रक्रियाहरू सहज बनाउने विश्वास लिइएको उनले बताए ।

### साउदीमा...

सहयोग गरेको छ । तनहुँको घिरिङ गाउँपालिका वडा नं. १ बस्ने सन्तबहादुर कुमालका छोरा भोजराज गत साउन १० गते ब्रदर इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.बाट वैदेशिक रोजगारका लागि साउदीको नेस्टो म्यानेजमेन्ट कम्पनीमा गएका थिए । कम्पनीमा गइसकेपछि उनलाई ब्रेन ट्युमर भएपछि उपचारका क्रममा भोजराजको मृत्यु भएको हो ।कम्पनीले नै उनको उपचार गराएको थियो ।

भोजराजको मृत्युपछि उनको परिवारलाई सहायता होस् भन्ने उद्देश्यले साउदीको रोजगारदाता कम्पनी नेस्टो म्यानेजमेन्टले भोजराजका बुबा आमालाई चार लाख रुपैयाँ आर्थिक सहयोग गरेको हो । ब्रदर इन्टरनेशनल प्रा.लि.को कार्यालयमा नेस्टो म्यानेजमेन्टका प्रतिनिधि र ब्रदर इन्टरनेशनलका सञ्चालकहरुले मृतक भोजराजका बुबा आमालाई सहयोग रकम हस्तान्तरण गरेका हुन् ।

## Dullu Municipality
## Office of Municipal Executive

**Dullu,Dailekh**
**Karnali Province**

## Invitation For Bids

**IFB No: Works/NCB/DM /18/2080/081**
**IFB No: Works/NCB/DM /19/20080/081**
**First Date of publication: 29/09/2080**

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dullu Municipality, Dailekh*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : ***Rastriya Banije Bank , Dullu, Dailekh***
   Name of Office : ***Dullu Municipality, Dullu Dailekh*** Office Code no. : 80667403
   Office Account no.: ***Rajaswa (revenue) Shirshak no. 43400301010002 & Dharauti Khatta(Deposit Acct.) No: 3400303000002***

4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on 01/***11/2080***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on 01/***11/2080*** at the office of ***[Dullu Municipality, Dullu,Dailekh]***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs as mentioned as below ***(2 to 3 % of estimated amount inclusive VAT)]***, which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
9. Any matters not covered in this notice shall be as per PPA and PPR of GoN.

| SN | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/ NCB/DM/ 18/2080/081 | Construction Of Dullu Hospital Purbadhar Nirman (old Building colouring, Canteen &Truss Works) Dullu Municipality-5. | 9,704,913.92 | 350000.00 | 3000.00 | 120 Days |
| 2 | Works/ NCB/DM/ 19/2080/081 | Construction Of Bekurekot -Chhinja Khola - Health Post & Bhimlakhola - Charedanda Road Upgrading (Nature Of Works : Site Cutting , Construction Earthen Drain & Gabbion Works) Dullu Municipality-13 | 4,225,098.54 | 150000.00 | 3000.00 | 120 Days |

**Chief Administrative Officer**

# आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन : राज्यमन्त्री श्रीपाली




**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, २८ पुस

संस्कृति पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री सुशीला श्रीपालीले आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन भएको बताएकी छन् ।

नेपाल पत्रकार महासंघ अर्घाखाँचीद्वारा तयार गरिएको पर्यटन प्रवर्द्धन सम्बन्धी गीत सन्धिखर्कमा सार्वजनिक गर्दै उनले नेपालमा पर्यटन उद्योगको बलियो सम्भावना रहेको बताइन् ।

नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक पर्यटनको हिसाबले धेरै अगाडि रहेको भएपनि पर्यटनको क्षेत्रमा उल्लेखनीय काम हुन नसकेको उनको भनाइ छ । उनले थोरै लगानी गरेर पनि पर्यटनबाट मनग्य आम्दानी गर्न सकिने बताइन् ।

पत्रकार महासंघ अर्घाखाँचीले आर्थिक विकास, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारीको लागि आयोजना गरेको अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रम २०८० ले जिल्लाको विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ छ ।

सुपादेउराली, पाणिनी तपोभूमी पणेना, अर्घा भगवती मन्दिर लगायतका १ दर्जन भन्दाबढी ठाउँहरु अर्घाखाँचीमा आकर्षक पर्यटकीय गन्तव्य भएको उनको भनाइ छ ।

नेकपा माओवादीकी नेतृ समेत रहेकी राज्य मन्त्री श्रीपालीले प्रचण्ड नेतृत्वको वर्तमान सरकारले छोंटो समयमा दुरगामी महत्वका धेरै काम गरेको बताइन् । उनले जिल्लाको बिकासको निम्ति सबैपक्ष एकजुट भएर अगाडि बढ्नुपर्नेमा जोड दिइन् ।

नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष अशोक खनालको अध्यक्षता, प्रवक्ता हृदय भुसालको विषय प्रवेश र कोषाध्यक्ष रुद्रमणी भुसालको सञ्चालनमा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठ, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यद्वय ठाकुर कुमार वि.क., छमकुमारी खनाल, जिल्ला अध्यक्ष राजेन्द्र भुसाल, उद्योग वाणिज्य संघका जिल्ला अध्यक्ष प्रदिप मिश्र, सन्तोष बस्नेत, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राधा नेपाली, प्रदेश सदस्य प्रेमनारायण आचार्य, संस्थापक अध्यक्ष बिष्णु प्रसाद भुसाल, पूर्वअध्यक्ष शोभाखर पन्थी, हिमबहादुर जि.सी. लगायतको उपस्थिति थियो । नेपाल पत्रकार महासंघद्वारा आयोजित अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रमको माघ-१ गर्ने प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

# बाटोमै सुत्केरी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २८ पुस



हुम्लाको सदरमुकाम सिमकोटको सञ्चार टोलको बाटोमै एक महिला सुत्केरी भएकी छन् ।

तीन दिनदेखि सामान्य वेथा लागेकी २६ वर्षीया रुपसिला वि.क बाटोमै सुत्केरी भएकी हुन् ।

उनी सिमकोट बजार वडा ६ मानसरोवर माध्यामिक विद्यालयको छेउमा कोठा लिइ बसेकी थिइन् । उनीसँगै एउटै घरमा डेरा लिएर बसेकी इमा सुनारले प्रसुतीका लागि जिल्ला अस्पताल लैजाँदै गर्दा अस्पताल नपुगी बीच बाटोमै सुत्केरी भएकी बताइन् ।

सुत्केरी भएकी महिला हुम्ला जिल्लाको मध्य क्षेत्रमा रहेको सर्केगाड गाउँपालिका वडा नं ७ रोडिकोट कार्कीबाडा गाउँ निवासी हिरबहादुर विककी श्रीमती हुन् । सुत्केरी महिला बाटोमै अलपत्र परेको देखेपछि पछि प्रेस युनियन जिल्ला अध्यक्ष राज शाही लगायतको टोलीले थप उपचारका लागि जिल्ला अस्पताल पुऱ्याएका थिए ।

चिसोले बच्चासँगै आमाको स्वास्थ्यमा समस्या देखिए पनि जिल्ला अस्सपताल हुम्लामा पुऱ्याएपछि जिल्ला अस्पतालमा सुत्केरी र बच्चाको स्वास्थ्य चेक जाँच गरिएको थियो । सुत्केरीको समयमै उद्धार हुँदा आमा र बच्चाको स्वास्थ्य ठिक भएपछि जिल्ला अस्पतालले डिस्चार्ज गरेको छ । अहिले बच्चा र आमाको स्वास्थ्य अवस्था राम्रो रहेको कुरुवा इमा सुनारले बताइन् । जिल्ला अस्पतालमा बिरामी बोग्ने एम्बुलेन्स भएपनि सदरमुकाम सिमकोटका गल्लीका सडकमा गाडी जाने सडक नभएकाले पनि बाटोमै सुत्केरी हुन बाध्य भएको देखिन्छ। बाटोमा सुत्केरी हुँदा ज्यानै जोखिममा पर्ने गरेको भन्दैं स्थानीय सरकारले गल्लीका सडक बिस्तार गर्नु आवश्यक देखिएको स्थानीयहरु बताउँछन् ।

# सानीभेरी गाउँपालिकामा गाई भैंसी सुत्केरी प्रोत्साहन भत्ता वितरण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २८ पुस

रुकुम पश्चिममा गाई भैंसीलाई सुत्केरी प्रोत्साहन भत्ता वितरण गरिएको छ । जिल्लाको सानीभेरी गाउँपालिकामा गाई भैंसी पालक किसानलाई गाई भैंसी सुत्केरी भए बापतको प्रोत्साहन भत्ता वितरण गरिएको गाउँपालिकाले जनाएको छ। पालिकाभर ५ सय १२ किसानलाई गाई तथा भैंसी सुत्केरी प्रोत्साहन भत्ता प्रदान गरिएको सानीभेरी गाउँपालिका पशु शाखा प्राविधिक भुपेन्द्र पुनले जानकारी दिए ।

पालिकाभर ४ सय ७८ जना किसानले पालेका ५ सय १२ गाई भैंसीलाई ३ हजारका दरले १५ लाख ३६ हजार रुपैयाँ किसानको खातामा भुक्तानी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विवेक बुढाथोकीले बताए ।

गत वर्ष रकम अभावले भुक्तानी गर्न नसकिएको र दायित्वमा रहेकाले यस वर्ष किसानलाई रकम उपलब्ध गराइएको प्रमुख प्रशासकीय अधिकृत बुढाथोकीको भनाइ छ ।

## Bansgadhi Municipality
## Office of Municipal Executive
**Bansgadhi, Bardiya**
**Lumbini Province**

### Invitation For Bids

**Date Of Publication: 2080/09/29 (2024/01/14)**

Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya invites Single Stage Two Envelope Technical and Financial electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Average Annual Construction Turnover of Best 3 years Out Of Last 10 Years Without VAT (NRS) | Construction Experience of Similar Size and Nature Of Works Without VAT (NRS) | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | BM/NCB/ 2080/081-16 | Construction Of Machhagadh Thulo Gaun-Durga Mandir-Toraiya Road, Ward No.- 09. | 500,000.00 | 90 days | 28.00 Million | 7.50 Million | 5000.00 |
| 2 | BM/NCB/ 2080/081-17 | Construction Of 3No. Chandra Chok-Dangpur-10No.-Link Road, Ward No.- 06 | 700,000.00 | 90 days | 32.90 Million | 10.95 Million | 5000.00 |
| 3 | BM/NCB/ 2080/081-18 | Construction Of Ward No.8 Simana-Covered Hall-Milanchok Road, Ward No. -4 and 5. | 1,100,000.00 | 90 days | 41.40 Million | 16.50 Million | 5000.00 |

Further Information to bidders;

| | |
|---|---|
| **Date, Time and Place of Pre-Bid Meeting (For Two Envelope)** | 2080/10/21 (2024/02/04); at 1:00PM At Bansgadhi Municipality Office, Bansgadhi, Bardiya |
| **Last date and time of Bid Submission** | 2080/11/01 (2024/02/13); upto 12:00 Noon |
| **Date, Time and Place of Bid Opening** | 2080/11/01 (2024/02/13); at 1:00 PM, At Bansgadhi Municipality Office, Bansgadhi, Bardiya |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | NIC ASIA Bank, Bansgadhi Branch, Antarik Rajaswa Khata-Bansgadhi Municipality, A/c No.: 0972057499426002, (mention purpose of deposit stating contract No. clearly) |
| **Account No. for Bid Security Deposit** | NIC ASIA Bank, Bansgadhi Branch, Dharauti Khata-Bansgadhi Municipality A/c No.: 0972057499426013 or Bank Guarantee issued by A class commercial Bank in the name of Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidders shall submit their Bids electronically only no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bansgadhi Municipality Office, Bansdagadhi, Bardiya; Contact No: 084-400160.
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**प्रमुख प्रशासकिय अधिकृत**

## Invitation for Bids
## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive
**Dhangadhi, Kailali**

### Invitation for the Bids

**Date of Publication: 14th Jan 2024 (2080/09/29 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the supply/ works mentioned below under NationalCompetitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Estimate Amount (Ex.VAT) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 66/DSMC/ 2080/081 | Procurement, Supply and Delivery of Play Station andAmusement Equipment at Various School of DSMC | - | 75,000/- | 3,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email:dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## त्रिपुरासुन्दरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**त्रिपुराकोट बगर, डोल्पा**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०/०९/२९**

यस कार्यालयबाट मिति २०८०/०८/१० मा आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा E–Bidding बाट प्रकाशित सूचना बमोजिमका ठेक्काहरुको बोलपत्र मूल्याकंन गर्दा तपसिल बमोजिम फर्महरुको कुल कबोल अंक न्यूनतम मूल्याकिंत सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र सं. | ठेक्का नं | कामको बिबरण | योजनाको नाम | सारभूत रुपमा प्रभाबकारी न्यून बोलपत्रदाता | कबोल अंक भ्याट समेत |
|---|---|---|---|---|---|
| १ | TM/NCB/ 01/2080/081 | मोटरबाटो मर्मत तथा पहिरो नियन्त्रण | खदांगदेखि लाहासम्म बाटो | श्री द क्रिपर - के.एंड डी, जे.भी. डोल्पा | २५,४४,३०८.०० |
| २ | TM/NCB/ 02/2080/081 | मोटरबाटो स्थरउन्नति | सुपानी रंग मोटर बाटो | श्री के.एंड पी. कन्सस्ट्रक्सन एंड सप्लायर्स प्रा.ली..डोल्पा | २८,५९,१६७.८९ |

**प्रमुख प्रशासकीय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com
२९ पुस २०८०, आइतबार
14 January 2024, Sunday

## सम्पादकीय

# नसुल्झिएको संकट

एकपछि अर्को राजनीतिक परिघटनाका कारण कोशी प्रदेशमा भित्रभित्रै बढिरहेको पहिचान पक्षधरहरूको असन्तुष्टि ओझेलमा परेको छ । स्वयं कोशीकै राजनीति पनि लयमा आउन सकेको छैन । प्रदेशसभाको निर्वाचन सम्पन्न भएको एक वर्षभित्रै कार्यबाहक सहित गरेर चार जनाले सभाको अध्यक्षता गरिसकेका छन् भने पाँच वटा सरकार बनिसकेको छ । गत वर्ष सभामुखमा निर्वाचित बाबुराम गौतम विवादमा पर्दै बाहिरिएपछि कार्यबाहक भएर इस्माइल मन्सुरी र सिर्जना दनुवारले कार्यबाहक भएर सभा चलाए । भर्खरै राप्रपाका अम्बरबहादुर बिष्ट सभामुख निर्वाचित भएका छन् । नेकपा एमालेका हिक्मत कार्की, नेपाली कांग्रेसका उद्धव थापा दुई–दुई पटक मुख्यमन्त्री भएर अहिले कांग्रेसकै केदार कार्कीको नेतृत्वमा प्रदेश सरकार चलिरहेको छ । तर यो सरकार बाँकी अवधि टिक्ने बलियो आधार छैन ।

सत्ता राजनीति यसरी गिजोलिदा प्रदेशको नामाकरणप्रति असन्तुष्ट पहिचान पक्षधरको आन्दोलन भित्रभित्रै बढिरहेको छ । उनीहरूले कोशी नाम स्वीकारेका छैनन् । आन्दोलनकै क्रममा गत वर्ष चैतमा पदम लिम्बुको मृत्यु भएको थियो । लिम्बुको मृत्युपछि प्रदेश सरकार विराटनगर केन्द्रित छ । आन्दोलनकारीको निशानामा केन्द्रिय नेतादेखि प्रदेशका मुख्यमन्त्री, मन्त्री र सांसदहरू छन् । मध्यपहाडी संकल्प अभियानका क्रममा कोशी प्रदेश प्रवेश गरेको एमाले टोली रोक्ने क्रममा पूर्वमन्त्री गोपाल किराँती सहित ठूलो संख्यामा आन्दोलनकारी गिरफ्तार भएका थिए । तर आन्दोलनकारीले ठूला दलका नेताहरू केन्द्रित आक्रमण रोकेका छैनन् । कतिसम्म भने एमालेका अध्यक्ष केपी शर्मा ओलीले पहिचान पक्षधरको संभावित अवरोधलाई ध्यान दिएर पाँचथरको चिवाभञ्ज्याङ पुग्न हेलिकोप्टर चढ्नु परेको थियो ।

पहिचान पक्षधर आन्दोलनको सवैभन्दा ठूलो असर भने प्रदेश सरकारलाई परिरहेको छ । लगातार परिवर्तन भइरहेको प्रदेश सरकार अहिले लगभग विराटनगर केन्द्रित छ । विराटनगर पेरिफेरिकै कार्यक्रमहरूमा समेत मुख्यमन्त्री र मन्त्रीहरू जान सकेका छैनन् । मुख्यमन्त्रीको कार्यालय परिसरलाई निषेधित क्षेत्र घोषणा गरेरै सुरक्षित गर्नु परेको छ । तर पहिचान पक्षधरको माग सम्बोधन गर्न उचित पहलकदमी लिएको देखिदैन । केन्द्रिय नेतृत्वले मात्रै पहिचान पक्षधरको माग सम्बोधन गर्न सक्ने भएकाले पनि प्रदेश सरकार आफै विराटनगरमा खुम्चिएर बस्नु परेको हुन सक्छ । त्यसो हुँदा कोशीले खेपिरहेको समस्याबारे केन्द्रित नेतृत्वले बेलैमा ध्यान दिन आवश्यक छ, जसले संभावित संकट समाधान गर्नेछ ।

# भारतको विकासबाट सिक्ने पाठ

अग्रलेख



● डा. शेरजंग बहादुर चन्द

छिमेकी मुलुक भारत आज संसारको पाँचौ ठूलो (कुल ग्राहस्थ उत्पादनमा) अर्थतन्त्रका रूपमा उदयमान भएको छ भने क्रयशक्ति समानतामा आज चीन, अमेरिकापछि संसारकै तेस्रो ठूलो देश बनेको छ । बिडम्ना नै भन्नुपर्छ नेपाल भने संसारकै ठूला अर्थतन्त्र राष्ट्रका बिचमा रही आर्थिक प्रगति गर्न सकिरहेको छैन । नेपालले यी देशहरूबाट धेरै नै सिक्न सक्ने सजिलो वातावरण भएतापनि आज नेपाल अध्ययन अनुसन्धान गर्न नसकी साथै, कुनै नबिन सिद्धान्त अपनाउन नसकी अगाडी बढ्न सकिरहेको छैन । भारत एकै दिन यसरी विकासको गतिमा लम्केको होइन । करिब ७५ वर्षको मेहनेतले आजको अवस्थामा भारत पुगेको हो । यसका लागि पहिले विकास सिद्धान्त अनि देखा परिरहेका चुनौती र नेपालले सिक्न सक्ने काम अध्ययन गर्नु पर्दछ ।

**भारत विकासका सिद्धान्तहरू**

भारतको विकास सिद्धान्तहरू विभिन्न आर्थिक, सामाजिक र राजनीतिक परिप्रेक्ष्यहरूद्वारा प्रभावित समयसँगै विकसित भएका छन् । यहाँ केही प्रमुख सिद्धान्तहरू र दृष्टिकोणहरू छन्, जसले भारतको विकास पथलाई आकार दिएको छ । जसबारे निम्नानुसार चर्चा गर्न सकिन्छ–

गान्धी अर्थशास्त्र : भारत स्वत्रन्त्र हुनुभन्दा पहिलेदेखि नै भारतमा महात्मा गान्धीको विकास सिद्धान्त लागु भैसकेको थियो । महात्मा गान्धीले आत्मनिर्भरता, स्थानीय उत्पादन र कुटीर उद्योगहरूमा जोड दिँदै विकेन्द्रीकृत, गाउँ आधारित अर्थव्यवस्थाको वकालत गरेका थिए । उनको दर्शनले दिगो विकास, ग्रामीण सशक्तिकरण, र समुदाय–सञ्चालित पहलहरूलाई बढावा दियो । उनले उद्योगहरूको अलौकीकरणको सुझाव दिएका थिए । जसको कारण आज सम्पूर्ण भारत एकै किसिमको विकास गर्दैछ ।

नेहरूवादी समाजवाद : महात्मा गान्धीको निधनपश्चात जवाहरलाल नेहरू, भारतका प्रथम प्रधानमन्त्री, बलियो सार्वजनिक क्षेत्रको साथ मिश्रित अर्थव्यवस्थाको पक्षमा थिए । उनी राज्यको नेतृत्वमा औद्योगिकीकरण, केन्द्रीय योजना र वैज्ञानिक र प्राविधिक विकासका लागि संस्थाहरू निर्माणमा विश्वास गर्थे । नेहरूले सन् १९५० को दशकमा संसदीय लोकतन्त्र, धर्मनिरपेक्षता र विज्ञान र प्रविधिको प्रवर्द्धन गर्दै आधुनिक राष्ट्रको रूपमा भारतको चापलाई शक्तिशाली रूपमा प्रभाव पारे । अन्तर्राष्ट्रिय मामिलामा उनले भारतलाई शीतयुद्धका दुई खण्डबाट मुक्त गराए । जसको आधारमा आज भारत विकसित हुँदैछ ।

अमर्त्य सेनको सिद्धान्त : गान्धी र नेहरूपछि भारतले नोबेल पुरस्कार विजेता अमर्त्य सेनको सिद्धान्त, विकासको वास्तविक उपायको रूपमा जनताको क्षमता र स्वतन्त्रता बढाउनमा ध्यान केन्द्रित गर्ने प्रस्ताव गरे । यो दृष्टिकोणले शिक्षा, स्वास्थ्य सेवा, लैङ्गिक समानता र व्यक्तिगत सशक्तिकरणलाई जोड दियो, जसको बलबुतामा आज भारत अगाडि बढेको भनि घमण्डसाथ संसार अगाडि प्रस्तुत भएको छ । अमर्त्य सेनको क्षमता सिद्धान्त दृष्टिकोण एक सैद्धान्तिक रूपरेखा हो, जसमा दुई मुख्य मानक दाबीहरू समावेश छन् । पहिलो, भलाई प्राप्त गर्न स्वतन्त्रता प्राथमिक नैतिक महत्व हो भने दोस्रो, भलाई प्राप्त गर्ने स्वतन्त्रतालाई क्षमता भएका मानिसहरूको सन्दर्भमा बुझ्नुपर्छ । आज भारतमा क्षमता भएका व्यक्तिको देश भै विकास भएको छ ।

उदारीकरण र विश्वव्यापीकरण : सन् १९९० को दशकमा, भारतले महत्वपूर्ण आर्थिक सुधारहरू पार गऱ्यो । जसले आफ्नो बजारहरू खोल्यो, व्यापार अवरोधहरू कम गऱ्यो । साथै, विदेशी लगानीलाई प्रोत्साहित गर्ने नीति लियो । उदारीकरणतर्फको यो परिवर्तनले आर्थिक वृद्धिलाई उत्प्रेरित गर्ने, उद्योगहरूलाई आधुनिकीकरण गर्ने र विश्व अर्थतन्त्रसँग एकीकरण गर्ने लक्ष्य राखेको छ । यसै लक्ष्यका साथ अघि बढिरहेको भारत विकासमा लम्किरहेको छ । मानव विकास सूचकांक : पछिलो समय भारत मानव सूचकांकलाई मध्यनजर गरी विकास गरिरहेको छ । अर्थशास्त्री महबुब उल हकद्वारा विकसित र संयुक्त राष्ट्र विकास कार्यक्रमद्वारा थप लोकप्रिय एचआइडि, जीवन प्रत्याशा, शिक्षा, र प्रतिव्यक्ति आय जस्ता कारकहरूमा आधारित विकास मूल्याङ्कन हो भनि मान्दछ । भारतले यो सूचकांकलाई जिडिपी वृद्धिभन्दा बढी प्रगति मापन गर्न प्रयोग गरिरहेको छ ।

दिगो विकास लक्ष्यहरू : धेरै राष्ट्रहरू जस्तै भारतले पनि २०३० सम्म गरिबी उन्मूलन, वातावरणीय दिगोपन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र थप जस्ता लक्ष्यहरू हासिल गर्ने लक्ष्य राखेर संयुक्त राष्ट्रसंघको एसडिजीसँग आफ्नो विकास रणनीतिहरू पंक्तिबद्ध गर्दछ । भारतले दिगो विकासलाई जोड दिन त्यसका मापनमा लगानी बिस्तार गरेको देखिन्छ । त्यही भएर भारत आज यसरी अगाडी बढेको छ ।



*नेपालले भारतको सफलता, चुनौती र रणनीतिहरू अध्ययन गर्न सक्छ, उल्लेखित सिकाईलाई आफ्नै सामाजिक-आर्थिक र सांस्कृतिक परिप्रेक्ष्यअनुरूप अनुकूलन गर्न र मिलाउन सक्छ । यस दृष्टिकोणले थप जानकारीपूर्ण निर्णय प्रक्रियालाई सहज बनाउन सक्छ र नेपालको विकासको मार्गलाई सम्भावितरूपमा द्रुत बनाउन सक्छ ।*

माथि उल्लेखित भारतको विकास सिद्धान्तहरूले प्रायः यी दृष्टिकोणहरूको मिश्रणलाई प्रतिबिम्बित गर्दछ, समावेशी वृद्धि, गरीबी उन्मूलन, सामाजिक न्याय र वातावरणीय दिगोपनको महत्वलाई जोड दिँदै देशको विविध सामाजिक–आर्थिक परिदृश्यमा अनुकूलन गर्दछ ।

**देखा परिरहेका चुनौतीहरू**

ऐतिहासिक, सामाजिक–आर्थिक र राजनीतिक कारकहरूको संयोजनबाट उत्पन्न भएको विकासको बाटोमा भारतले धेरै चुनौतीहरूको सामना गरिरहेको छ । केही महत्वपूर्ण चुनौतीहरू गरिबी प्रगतिको बावजुद, भारतको जनसंख्याको ठूलो भाग अझै पनि गरिबी रेखामुनि बाँचिरहेको छ । आय असमानता व्याप्त छ, ग्रामीण र शहरी क्षेत्रहरू र विभिन्न राज्यहरू बीचको असमानता भारतको लागि विकासको चुनौती बनेको छ ।

पूर्वाधारको कमि : यातायात, ऊर्जा, सरसफाई र स्वास्थ्य सेवा जस्ता क्षेत्रहरूमा अपर्याप्त पूर्वाधारले धेरै भारतीयहरूको लागि आर्थिक वृद्धि र जीवनको गुणस्तरमा बाधा पुऱ्याइ चुनौती सिर्जना गरिरहेको छ ।

शिक्षा : साक्षरता दरमा सुधार ल्याइए पनि गुणस्तरीय शिक्षा धेरैको पहुँचमा छैन, विशेषगरी ग्रामीण क्षेत्रमा । शैक्षिक मापदण्डमा रहेको असमानता र उच्च शिक्षामा सीमित पहुँचले विकासमा चुनौती थपेको छ ।

स्वास्थ्य : अपर्याप्त पूर्वाधार, अपर्याप्त कोष र स्वास्थ्य सेवा सुविधाहरूको असमान वितरणका कारण भारतले स्वास्थ्य सेवा चुनौतीहरूको सामना गरिरहेको छ । गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच चासोको विषय हो, विशेष गरी सीमान्तकृत समुदायका लागि । त्यसकारण स्वस्थ सेवा भारतको विकासको चुनौती बनेको छ ।

बेरोजगारी : विश्वको ठूलो जनसंख्या, बढ्दो जनशक्तिसँग रोजगारी सृजनाले गति लिन सकेको छैन, जसले गर्दा खासगरी युवाहरूमा बेरोजगारी र कम बेरोजगारी समस्याहरू छन् । अनौपचारिक क्षेत्र, जहाँ जनसंख्याको एक महत्वपूर्ण भाग रोजगारी छ, प्रायः रोजगार सुरक्षा र सामाजिक लाभहरूको अभाव छ ।

वातावरणीय ह्रास : द्रुत औद्योगीकरण र सहरीकरणले प्रदूषण, वन फँडानी, पानीको कमी र जलवायु परिवर्तनका असरहरू जस्ता वातावरणीय चुनौतीहरू निम्त्याएको छ । दिगो विकाससँग आर्थिक वृद्धिलाई सन्तुलनमा राख्नु एउटा महत्वपूर्ण चुनौती बनेको छ ।

कृषि संकट : एक कृषि अर्थतन्त्र भए पनि भारतीय कृषिले भूमिको क्षय, अपर्याप्त सिंचाई सुविधा, बालीको मूल्यमा उतारचढाव, र किसान ऋणजस्ता चुनौतीहरूको सामना गर्दैछ । जसले किसानलाई संकटमा पुऱ्याएको छ । कृषि संकट भारतको विकासको चुनौती भई देखा परेको छ ।

भ्रष्टाचार र सुशासनका मुद्दाहरू : सरकारका विभिन्न तहमा हुने भ्रष्टाचार, कर्मचारीतन्त्रको असक्षमता र सुस्त गतिमा चलिरहेको न्यायिक प्रणालीले प्रभावकारी शासन र आर्थिक प्रगतिमा बाधा पुऱ्याइरहेको छ । भारष्टचारमा बृदि र सुशासनमा कमि भारतको विकासको चुनौती बनेको छ ।

**नेपालले सिक्न सक्ने पाठ**

**संघीयता कार्यान्वयन** : भारतको संघीय संरचना, केन्द्र र राज्य सरकारहरू बीचको शक्ति बाँडफाँट भएकोले विभिन्न क्षेत्र र जातीय समूहहरू व्यवस्थापन गर्न अन्तर्दृष्टि प्रदान गर्न सक्छ । संघीयता कार्यान्वयनमा भारतका चुनौतीहरू र सफलताहरू बुझ्दा नेपाललाई आफ्नै संघीय प्रणालीमा कार्यान्वन गर्न मद्दत गर्न सक्छ ।

**लोकतान्त्रिक शासन** : भारतको बलियो लोकतान्त्रिक प्रणालीले नेपालको लागि नमूनाको रूपमा काम गर्न सक्छ । लोकतान्त्रिक संस्थाहरू कायम राख्ने, स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने र विधिको शासन कायम राख्ने भारतको अनुभवबाट सिकेर नेपालको आफ्नै लोकतान्त्रिक ढाँचालाई बलियो बनाउन सकिन्छ ।

**आर्थिक विविधीकरण** : कृषिदेखि आईटी र निर्माणसम्मका विभिन्न क्षेत्रहरूमा भारतको आर्थिक विविधीकरणले नेपाललाई विशिष्ट उद्योगहरूमा निर्भरता कम गर्न पाठ सिक्न सजिलो छ । विविध आर्थिक आधारलाई प्रोत्साहन गर्नाले लचिलोपन र स्थिरता बढाउन नेपालले केही सिक्नसक्छ ।

**पूर्वाधार विकास** : पूर्वाधार विकासमा भारतको पहलहरू, विशेष गरी यातायात, ऊर्जा र सञ्चार सञ्जालहरूको अवलोकनले नेपाललाई आफ्नै पूर्वाधारको कमीलाई सम्बोधन गर्न मार्गदर्शन गर्न सक्छ । ठूला-ठूला पूर्वाधार परियोजनाहरू कार्यान्वयनमा भारतको अनुभवबाट सिकेर नेपालको विकासलाई तीव्रता दिन सक्छ ।

**सामाजिक कल्याण कार्यक्रमहरू** : महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन, अनुदानित खाद्यान्न वितरण र स्वास्थ्य सेवा योजनाहरू जस्ता सामाजिक कल्याण कार्यक्रमहरूको साथ भारतको अनुभवले नेपालमा गरिबी, बेरोजगारी र स्वास्थ्य सेवा चुनौतीहरूलाई सम्बोधन गर्न अन्तरदृष्टि प्रदान गर्दछ । नेपालले यसबाट राम्रै शिक्षा लिन सक्छ ।

**संस्कृतिको जगेर्ना** : भारतजस्तै नेपालमा पनि समृद्ध सांस्कृतिक सम्पदा छ । भारतले कसरी परम्परागत अभ्यासलाई आधुनिक विकाससँग सन्तुलनमा राख्न सफल भएको छ भन्ने बुझ्दा नेपालले प्रगतिलाई अँगालेर आफ्नो सांस्कृतिक पहिचान जोगाउन मद्दत गर्न सक्छ ।

**पर्यावरणीय दिगोपन** : भारतका पहलहरू (जस्तै नवीकरणीय ऊर्जा परियोजनाहरू, फोहोर व्यवस्थापन रणनीतिहरू र संरक्षण कार्यक्रमहरू) बाट सिकेर नेपाललाई वातावरणीय चुनौतीहरू सम्बोधन गर्न र दिगो विकासलाई प्रवर्द्धन गर्न मार्गदर्शन गर्न सक्छ ।

**सार्वजनिक–निजी साझेदारी** : पूर्वाधार र स्वास्थ्य सेवा सहित विभिन्न क्षेत्रमा सार्वजनिक–निजी साझेदारीको साथ भारतको अनुभवले नेपाललाई विकास परियोजनाहरू सञ्चालन गर्न सरकारी र निजी संस्थाहरू बीच प्रभावकारी सहकार्यको लागि मोडेल प्रदान गर्न सक्छ ।

नेपालले भारतको सफलता, चुनौती र रणनीतिहरू अध्ययन गर्न सक्छ, यी पाठहरूलाई आफ्नै सामाजिक–आर्थिक र सांस्कृतिक परिप्रेक्ष्यअनुरूप अनुकूलन गर्न र मिलाउन सक्छ । यस दृष्टिकोणले थप जानकारीपूर्ण निर्णय प्रक्रियालाई सहज बनाउन सक्छ र नेपालको विकासको मार्गलाई सम्भावित रूपमा द्रुत बनाउन सक्छ ।

## सामाजिक सञ्जाल



- सरोज पोखरेल

भोट दिएपछि, कर तिरेपछि पनि जनताले आफ्नो, परिवार र यहाँसम्म कि देशको पनि चिन्ता आफैले गर्नुपर्ने हो ? यदि हो भने सरकार किन चाहियो ? नेता र सरकार जनताले तिरेको करमा तर मार्न र रजाई गर्न मात्र हो ? २०८४ यी सबै काण्डे र पिण्डे नेताको बैतरणी नगरी देशले त्राण पाउँछ जस्तो छैन ।



- बद्री विनोद खनाल

कि अधिकार सम्पन्न बनाउ, हैन भने अधिकार बिनाको प्रदेश सरकार खारेज गरौं । बहुमत ल्याउन रोक्ने समानुपातिक कोटा खारेज होइन राष्ट्रिय सभामा स्थानान्तरण गरौं । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख चुनौं । यति गर्दा पनि भएन भने मात्र विकल्प सोंचौला ।



- शैलेन्द्र थापा

संविधानको पूर्ण कार्यान्वयनको लागि राष्ट्रिय सभामा सिटौलाको उम्मेद्वारी- छोटे महामन्त्री, हिजो बामदेव र काजी यही लाइनबाट छिर्दा यिनले दिएको अभिव्यक्ति बिर्से ? यिनले गरी खादैनन् भन्ने त मलाई अस्ति महाधिवेशनमा यिनको हर्कतबाट नै थाहा भैसकेको थियो अब प्रमाणित नै भयो ।



- केदार शर्मा

नैतिक शिक्षाको कोकोहोलो "नैतिक शिक्षा किन हटाइयो ?" भन्नेहरूले ती नैतिक शिक्षाका किताब त देख्नुभएको छ नि ? नैतिक शिक्षा पढेको पुस्ता चाहिँ नैतिक छ/थियो भनेर ठोकुवा गर्न सक्नुहुन्छ ? सासमा नयाँ शिक्षा योजनाको पाठ्यक्रममा भएका नैतिक शिक्षाका किताब बगम्फुसे र कर्मकाण्डी मात्र थिए ।

# पृथ्वीनारायण र 'राष्ट्रपिता'को पगरी

विचार



● लेखराज रेग्मी

*महेन्द्रका राष्ट्रपिता सबै नेपालीका राष्ट्रपिता बन्न सक्छन् या सक्दैनन् हाम्रो इतिहासले तय गर्न बाँकी नै छ । तर पृथ्वीनारायणको महत्वकांक्षालाई उनका तीन पुस्ता सन्तानले बोकेको सत्य हो । यो बाहेक नेपाल राज्य (भूगोल) बन्नुमा धेरै कारणहरू छन् । शोधकार्यमा प्रवेश नगरी घोषणा गर्ने काम बचकाना कार्य हुन्छ ।*

राजा महेन्द्रले शाह शासकीय बंशाबलीको उत्खनन र प्रशस्ती लेखाउने काम गरे । यो नै शाह वंशको फाइनल शासकीय दस्तबेज थियो । त्यसपछि त्यसकै आधारमा गुन बखानको सिलसिला सुरु भयो । पृथ्वीनारायण शाहलाई राष्ट्रपिता र त्रिभुवनलाई प्रजातन्त्रका प्रवर्तकको भ्रमपूर्ण इतिहास पढाइएपछि हामीले जे जान्यौ र बुझ्यौँ यो सबै सत्य होइन । त्यसैले पूरा प्रमाण र तथ्यपूर्ण इतिहास लेखनको काम बाँकी नै छ ।

महेन्द्रमालासँग असहमतहरूले पनि इतिहासलाई समग्रमा लिपीबद्ध गरेनन् र विकृत प्रतिकृयालाई जनताको इतिहास ठान्ने कमजोरी भैरहेका छन् । इतिहास यसरी विवादित र विवादास्पद हुनु, राज्य निर्माणको लागि एक प्रकारको अवरोध नै हो । समय आएको छ तर, यति भ्रष्टिकरण कुरूप र निठल्लापन आजको विशेषता बनेको छ कि हामी कुनै ऐतिहासिक कार्य सम्पन्न गर्न सक्छौं जस्तो लाग्दैन । हाम्रा बचकानापन कति कच्चा देखिए भने बिहान सावेल बोकेर जुन शालिक भत्काउन गयो भरे फर्कंदा त्यसै शालिकमुनी सगौरव फोटो खिचाएर आयो । सायद यो पंक्ति लेखे बापत पंक्तिकारलाई धेरै गाली खानुपर्ने हुनसक्छ । तर, योभन्दा धेरै गुना परिपक्वतासहित खोज अनुसन्धान गरेर मात्र सही इतिहास स्थापित गर्न सकिन्छ ।

नेपालको राज्य विस्तारको लडाईं ऐतिहासिक तथ्य हो र यसको जब्बर मोड भनेको नेपाल खाल्डोको शासकीय पतन र शाहवंशीय शासकको दिग्विजयपूर्ण बसाइसराई नै हो । त्यसपछि उत्तर, पूर्व र पश्चिको राज्य विस्तार अभियान जो करिब तीन पुस्ता चल्यो, साना राज्यहरू विभाजन हुने र गाभ्ने खेल सधैं भैरहेका खेल हुन्, तर कम्पनी सरकारसँग भएको भनिएको सुगौली सन्धी यो यात्राको बिराम बन्यो र अधिनस्त राज्य सीमा निश्चित गरियो । दस्तावेजीय कार्य भौतिक कार्यमा बदल्न जंगबहादुरले जे गरे, त्यसपछि इमान्दार संरक्षणको काम कतै भएन । यसरी नेपालको सीमा आज पनि कर्मचारीले बेचेर खाने वस्तु बनिरहेको छ । भूगोललाई राज्य सम्झिने बुझ्नेहरूको यो नालायकीको स्रोत लगातार राज्य व्यवस्था नै हुने गरेको छ र गणतन्त्रपछि पनि निरन्तरतामा छ ।

जनै जात र गोत्र हाम्रो भौगोलिक सम्प्रभूताको रक्षाकवज बन्दैनन् । यो सत्य आत्मसात गर्नु आवश्यक छ । यो नेपाल राज्यको विशिष्ट स्थिति हो । नेपालले मुगल च्यालेन्ज व्यहोरेन, तर हालका दंगाई कथित हिन्दूवादीहरू यही कुरा भारतबाट बोकेर नेपालमा आगो लगाउन खोज्दै छन् । दुनियाँ भरमा राज्यहरूको सम्प्रभुताको चुनौती भनेको र अशान्तिको कारण भनेको युरोपेली पुँजीवादले धर्मसँग गरेको साँठगाँठ नै हो । उनीहरू बाइबल र बन्दुक बोकेर दुनियाँ भर अशान्तिको व्यापार गरिरहेका छन् । पछिल्लो चरणमा कथित प्रजातन्त्रको मोडेलको व्यापार साम्राज्य टिकाउने आधार बनाइँदैछ । नेपाली कुपमण्डुकहरू यसमै अल्झिरहेका छन् । कोही पादरी बन्दैछन् त कोही चोटीवाल ।

यसले देश अघि बढ्दैन । देश अघि बढ्न त राष्ट्रिय नीति तथा कार्यक्रममा दृष्टिकोणको आवश्यकता हुन्छ र यसको लागि हाम्रो इतिहासबोध वस्तुनिष्ठ हुन आवश्यक छ । महेन्द्रका राष्ट्रपिता सबै नेपालीका राष्ट्रपिता बन्न सक्छन् या सक्दैनन् हाम्रो इतिहासले तय गर्नु बाँकी नै छ । तर, पृथ्वीनारायणको महत्वाकांक्षालाई उनका तीन पुस्ता सन्तानले बोकेको सत्य हो । यो बाहेक नेपाल राज्य (भूगोल) बन्नुमा धेरै कारणहरू छन् । शोधकार्यमा प्रवेश नगरी घोषणा गर्ने काम बचकाना कार्य हुन्छ । सबैमा चेतना भया !

## तपाईंको राशिफल

- मेष : राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ ।
- वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरन्जन बढ्नेछ ।
- मिथुन : कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ ।
- कर्कट : प्रतिष्ठामा वृद्धि हुनेछ । राम्रो आय प्राप्त हुनेछ ।
- सिंह : शत्रु कमजोर हुनेछ । वाणी संयम र धैर्य जरुरी छ ।
- कन्या : स्वास्थ्य लाभ हुनेछ । विद्यार्थीहरूको कार्यमा प्रगति हुनेछ ।
- तुला : विनम्रतासित कार्य गर्न राम्रो हुनेछ । सन्तान सुखमा वृद्धि हुनेछ ।
- वृश्चिक : मुद्दा जित्ने योग छ । जनसम्पर्कमा वृद्धि हुनेछ ।
- धनु : यश र प्रभाव बढ्नेछ । धैर्य राखेर मात्र सफलता मिल्नेछ ।
- मकर : कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । सोंचेको काम पूरा हुनेछ ।
- कुम्भ : पराक्रममा वृद्धि हुनेछ । धन प्राप्ति हुनेछ ।
- मीन : कार्यहरूमा अनुकूल प्रगति हुनेछ । जिद्दी नगर्नु होला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

Provincial Government

Ministry of Physical Infrastructure Development

Transport Infrastructure Directorate

# Infrastructure Development Office, Morang

## Construction of various Roads in Morang District.

**First Date of publication: 29th Poush 2080 (14th Jan, 2024)**

| S.N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sainiktole Jane Bato Kalopatre Nala Sahit, Biratnagar-13, Morang | IDO/MOR/NCB/RW-163/080-81 | 3000 | 60,000 | 21,26,271.32 |
| 2 | Construction of Sewa Marg Kabrastan Paschim Gate Bata Sabik Dipak Bahadur Thapa Ko Ghar Sama Janey Batoko Nala, Biratnagar-13, Morang | IDO/MOR/SQ/RW-164/080-81 | 3000 | 60,000 | 21,30,466.03 |
| 3 | Upgrading of Tulsi Marg, Biratnagar-12, Morang | IDO/MOR/NCB/RW-165/080-81 | 3000 | 60,000 | 21,25,743.89 |
| 4 | Upgrading of Biratnagar-12, Brihat Khanepani tanki dekhi Tilak gautam ko ghar samma sadak, Morang | IDO/MOR/NCB/RW-166/080-81 | 3000 | 60,000 | 21,24,365.01 |
| 5 | Upgrading of Ganesh Pragati Tole Rabinraj Ko Ghar Hudai Jane Sadak, Biratnagar-8, Morang | IDO/MOR/NCB/RW-167/080-81 | 3000 | 60,000 | 21,26,206.42 |
| 6 | Upgrading of Gopi tole Basudev Rajbanshi ko Ghar Bata Bhitra Gaun Panalal Rajbanshi ko Ghar Sama Sadak, Biratnagar-4, Morang | IDO/MOR/NCB/RW-168/080-81 | 3000 | 60,000 | 21,25,801.48 |
| 7 | Upgrading of Hariyali Marg Damkal Karlaya Uttar Patiko Purbi Paschim Sadak, Biratnagar-3, Morang | IDO/MOR/NCB/RW-169/080-81 | 3000 | 60,000 | 21,25,350.23 |
| 8 | Upgrading of ICP Janey Sadak Bata Birat Durbar Janey Sadak, Biratnagar-13, Morang | IDO/MOR/NCB/RW-170/080-81 | 3000 | 2,16,000 | 76,51,434.25 |
| 9 | Upgrading of Mukhyamantri Office Dakshin Sewa Marg Koshi Project Gate Hudai Veterinary Sadak Jodne Bato, Biratnagar-13, Morang | IDO/MOR/NCB/RW-171/080-81 | 3000 | 1,20,000 | 42,51,685.20 |
| 10 | Upgrading of Mukti Marg, Biratnagar-3, Morang | IDO/MOR/NCB/RW-172/080-81 | 3000 | 60,000 | 21,14,123.60 |
| 11 | Upgrading of Pawan Shrestha Ko Ghar Dekhi Nahar Sama Kalopatre Sadak, Biratnagar-10, Morang | IDO/MOR/NCB/RW-173/080-81 | 3000 | 60,000 | 21,27,131.50 |
| 12 | Upgrading of Ranipath Dekhi Sainiktole Hudai Ra Badri Ghar Hudai Budhbare School Sama Bato, Biratnagar-13, Morang | IDO/MOR/NCB/RW-174/080-81 | 3000 | 60,000 | 26,57,617.23 |
| 13 | Upgrading of Regmi Tole Sital Marg , Biratnagar-3, Morang | IDO/MOR/NCB/RW-175/080-81 | 3000 | 60,000 | 21,25,829.98 |
| 14 | Upgrading of Nalasahit Kalopatre sadak Balram mehtako ghar dekhi sri ram das ko ghar samma rabi das mandir dekhi paschim ko bato, Barju ga.pa -6,Sunsari | IDO/MOR/NCB/RW-176/080-81 | 3000 | 60,000 | 21,27,339.77 |
| 15 | Upgrading of Inaruwa-6, Ekkais tole ko gaun fark bato ko Shubhas katwal-Ram khatri ko ghar hudai Umesh Adhikari ko ghar sammako Bato, Sunsari | IDO/MOR/NCB/RW-177/080-81 | 3000 | 60,000 | 21,25,985.63 |

1. Infrastructure Development Office, Morang invites online bids for the Upgrading of various roads in Morang and Sunsari Districts.
2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2080/10/19 (02nd Feb, 2024)
4. Submission and Opening of bid

**Last date of bid submission** : **2080-11-01 (13th Feb, 2024)**
: **Till 12:00 Noon**
**Bid Opening** : **2080-11-01 (13th Feb, 2024)**
: **13:00 Hrs**

5. Account Details for Bid Security

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar**
**Office Account no.** : **2120100202030000**
**Office Code no.** : **3370113011**

6. Account Details for Bid Document Fee

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Infrastructure Development Office, Biratnagar**
**Office Account no.** : **1000100201010001**
**Rajaswa (revenue) Shirshak no.** : **14229**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# कठ्यांग्रिदो चिसोका कारण अति विपन्न परिवार प्रभावित



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ पुस

रौतहटसहित मधेश प्रदेशका जिल्लामा केही दिनदेखिको कठ्यांग्रिदो चिसोका कारण अति विपन्न परिवार प्रभावित बनेका छन् । चिसो छल्न यमुनामाई गाउँपालिका वडा नं. ४ सरुअठा टोलका अधिंकाश विपन्न परिवारका सदस्यहरु दिनभर नै घुर बालेर ताप्ने गर्छन् । अत्यधिक जाडो बढेर यहाँको जनजीवन कष्टकर बनेपछि पालिकास्तरका विपद् व्यवस्थापन समितिले चोक चोकमा आगोको व्यवस्था गरेको छ । गौर नगरपालिकाले मुख्य सबै चोकमा आगोको व्यवस्था मिलाएको हो ।

पश्चिमी वायु र बाक्लो कुहिरो र शीतलहरका कारण जनजीवन प्रभावित भएपछि चोक चोकमा दाउराको व्यवस्था गरी आगो बाल्ने र ताप्ने व्यवस्था मिलाइएको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले बताए । चोकमा आगोको व्यवस्था मिलाएपछि गौरका सर्वसाधारण तथा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीलाई राहत मिलेको उनको भनाइ छ ।

पुसको अन्तिममा आएर बढेको चिसोले न्यानो कपडा नभएका विपन्न परिवारको दैनिकी असाध्यै कष्टकर बनेको छ । चिसो बढ्दा किसान र मजदुरलाई दैनिक कामकाज गर्न समस्या भएको छ । बढ्दो चिसोका कारण जीवनयापनमा समस्या भएको सरुअठाकी सुमरिया देवीले गुनासो गरिन् । सिरक डसनाको अभावमा रातमा परालको डस्ना र परालबाटै बनाइएको गुन्द्री वा मान्द्रोमा सुत्ने गरेको सुमरिया देवीको दुखेसो छ । स्थानिय सरकारले आफूहरुलाई बेवास्ता गरेको उनको भनाइ छ ।

त्यस्तै चन्द्रपुर नगरपालिका वडा नं. ५ नहर टोलका अधिकांश विपन्न परिवार दिनभर नै परालको घुर बालेर ताप्ने गर्छन् । चिसोका कारण ज्याला मजदुरी समेत गर्न नसकिने र यस समयमा काम समेत नपाइने भएकाले निकै समस्यामा परेको अर्को स्थानिय सुकदेव माझीले बताए । आफू आगो वा घुर बालेर ताप्ने गरेपनि यहाँका बालबालिका, वृद्ध तथा सुत्केरी महिलालाई भने निकै कष्ट भएको उनको भनाइ छ । आगो बाल्नका लागि दाउराको समेत अभाव भएपनि अहिलेसम्म समस्या वा गुनासो सुन्न बस्तीमा कोही जनप्रतिनिधि नआएको उनले बताए ।

यहाँ बसोबास गर्ने अधिंकाशको खरको छानाको कच्ची घर छ । खरको छानाबाट शीतका थोपा झर्ने गरेकाले चिसोका कारण कतिपय बिरामीसमेत भएका छन् । आफूहरुलाई न्यानो कपडा वा कम्बलको व्यवस्था गरिदिन सो बस्तीका बासिन्दाले जनप्रतिनिधि तथा विभिन्न संघसंस्थासँग मागसमेत गरेका छन् । अत्यधिक चिसो बढेपछि रौतहटका अधिकांश पालिकाहरुले सामुदायिक तथा संस्थागत विद्यालयहरुमा बिदा दिएका छन् ।

# आजपाद्वारा ११ माघमा मधेश बन्द गर्ने घोषणा



**रौतहट/मस-** आम जनता पार्टी (आजपा) ले आउँदो ११ माघमा मधेश बन्दको घोषणा गरेको छ । 'बैंकले लिइरहेको मनोमानी ब्याज फिर्ता, लघुबित्त तथा सहकारीबाट लिएको कर्जा माफी तथा आम जनतालाई सहज कर्जा उपलब्ध गराउन' माग गर्दै आजपाले ११ माघमा मधेश बन्द गर्ने घोषणा गरेको हो ।

आजपा मधेश प्रदेश कमिटी र बैंक तथा वितिय पीडित संघर्ष समितिले मधेश बन्दको घोषणा गरेको हो । विभिन्न माग गर्दै आजपाले यसअघि मधेश प्रदेशको राजधानी जनकपुरधाममा विरोध प्रदर्शन गरेको थियो ।

आजपाले यथाशीघ्र आफ्ना माग सम्बोधन गर्न सरकारसँग आग्रह गरेको थियो । तर सरकारले आफूहरुको माग सम्बोधन गर्ने विषयलाई गम्भीररुपमा नलिएको भन्दै आजपाले आम हडताल गर्ने अवस्थामा पुगिएको जनाएको छ । आजपा मधेश प्रदेशका इन्चार्ज सुधिर यादव र अध्यक्ष उमेश कुशवाहाले संयुक्तरुपमा शनिबार एक विज्ञप्ति जारी गर्दै सरकारलाई दबाब दिने उद्देश्यले मधेश बन्दको घोषणा गरिएको जनाएका छन् ।

'हामी मागहरुको सम्बोधन गर्न निरन्तर आवाज उठाई रहे पनि सरकार गम्भीर नदेखिएको सन्दर्भमा बाध्य भइ संघर्षको कार्यक्रम घोषणा गर्नु परेको छ,' आजपा मधेश प्रदेशका इन्चार्ज यादवले भने । आजपाले मधेश बन्द अघि १ देखि ९ माघसम्म जिल्ला भेला तथा अन्तरक्रिया कार्यक्रम गर्ने, १० माघमा मोटरसाइकल र्‍याली तथा सोही दिन साँझ मसाल जुलुस र ११ माघमा मधेश बन्द गर्ने कार्यक्रम सार्वजनिक गरेको छ ।

यसअघि आजपाले १० माघमा मधेश बन्दसहित विभिन्न कार्यक्रम घोषणा गरेको भए पनि त्यसलाई परिमार्जन गर्दै ११ माघमा राष्ट्रिय सभाको निर्वाचनकै दिन मधेश बन्दको कार्यक्रम सार्वजनिक गरेको हो । रौतहटको चन्द्रनिगाहपुरमा बसेको बैठकले आन्दोलनका कार्यक्रम परिमार्जन गर्ने निर्णय गरेको हो ।

यसैगरी आजपाले वीरगञ्जमा विभिन्न राजनीति दलका प्रतिनिधि, पीडित, सरोकारवालालगायतको सहभागितामा सर्वपक्षीय छलफल गरेको थियो । आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहको विशेष सहभागितामा सो छलफल भएको थियो । यी विषयमा आजपाले निरन्तर आवाज उठाउँदै आएको तर सरकारले कुनै सुनुवाइ नगरेपछि बाध्य भएर आफूहरु आन्दोलनमा उत्रिनु परेको आजपा केन्द्रीय सदस्य एवम् कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए ।

# वैतेश्वर गाउँपालिकाको हिउँदे अधिवेशन शुरु

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २८ पुस

दोलखाको वैतेश्वर गाउँपालिकाको चौधौं गाउँसभाको हिउँदे अधिवेशन शनिबारदेखि शुरु भएको छ । पालिका अध्यक्ष छबी लामाको अध्यक्षयतामा शनिबार उद्घाटन गरिएको चौधौं गाउँसभाले पुँजीगततर्फका विभिन्न कार्यक्रम तथा बजेटलाई संशोधन गरेको छ ।

गाउँसभामा उपाध्यक्ष कल्पना उप्रेतीले करिब ४ करोड २५ लाख बराबरको संशोधित बजेट तथा कार्यक्रमलाई सभामा पेस गरेकी थिइन् । सभाले पुँजीगततर्फ विभिन्न




शिर्षकहरु शिक्षा, स्वास्थ्य, कृषि, सडक, भवन, गोरेटो बाटो, रोजगार, धार्मिक तथा पर्यटकीय क्षेत्र, खानेपानी, सञ्चार लगायतका क्षेत्रमा संशोधित बजेट विनियोजन गरेको छ । गाउँसभाले सभामा पेस गरिएको आर्थिक विधेकलाई समेत पारित गरेको वैतेश्वर गाउँपालिका अध्यक्ष छवि लामाले जानकारी दिए । संशोधित बजेट तथा कार्यक्रममा सबै वडालाई समान हिसाबले कार्यक्रम वितरण गरिएको उपाध्यक्ष उप्रेतीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट पुस्तिकामा उल्लेख गरिएको थियो । गाउँसभामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडापालिका सदस्य, कर्मचारी, स्थानीय लगायतको उपस्थिति रहेको वैतेश्वर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम ज्ञवालीले जानकारी दिए । चालु आर्थिक वर्ष वैतेश्वर गाउँपालिकाले करिब ५० करोडको हाराहारीमा बजेट ल्याएको थियो ।

**Sudurpaschim Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building office, Baitadi**

**Notice no 1st/080/081**

**(First date of publication: 29, Pauah 2080 BS, (14th January 2024 A.D)**

1. Urban Development and Building office Baitadi invites open competitive bids Different Civil Construction works under National competitive bidding – Single Stage Single Envelope procedures. All other information & bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.
2. Interested Bidders should submit online bids only through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before February 13, 2024 (BS-2080-11-01) 12:00 Noon. Eligible bidders may obtain further information from Urban Development and Building office Baitadi (Tel: 095-520145 ) email: dudbcbaitadi24@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N | Contract Identification No. | Description | EstimatedAmount (With VAT) NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/Baitadi/NCB/ Works/01/2080/081 | Upgrading And Construction Of Pankhal Birbhitta Road, Bungal Na.Pa-04, Bajhang. | 48,70,472.71 | 3000.00 | 1,25,000.00 | |
| 2 | UDBO/Baitadi/NCB/ Works/02/2080/081 | Construction Of Road Dalit Namuna Basti,Bungal Na.Pa-10, Bajhang | 48,70,321.54 | 3000.00 | 1,25,000.00 | |
| 3 | UDBO/Baitadi/NCB/ Works/03/2080/081 | Construction Of PCC Drain Work At Khatali Tole, Surnaya Ga.Pa-06, Baitadi. | 20,27,519.21 | 3000.00 | 55,000.00 | |
| 4 | UDBO/Baitadi/NCB/ Works/04/2080/081 | Construction Of PCC Road And Drain,Mahakali Municipality-04, 05-Darchula. | 21,25,017.51 | 3000.00 | 55,000.00 | |

**Office Chief**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Project Office of Urban Development and Building Construction, Doti**

**Invitation for Bids (IFB)**

**Date of Publication : 2080/09/29 (Jan.14, 2024)**

1. Project Office of Urban Development and Building Construction, Doti invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system **www.bolpatra.gov.np/egp.**

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Incl. of PS and Without VAT and Cont.) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | PUDBC/DOTI/NCB/ WORKS/021-080/081 | Upgrading of Road Bhatana-Chananpani-Bharisain at Purchaudi Muncipality-3, Baitadi | 42,77,085.45 | 1,18,000.00 | 3,000.00 |

2. **Information to deposit the Cost of Bidding Documents in bank:**
   A) **Name of Bank:** Rastriya Banijya Bank, Doti B) **Name of Office:** PUDBC, DOTI C) **Office Code:** 347017102
   D) **Office Revenue Account Number:** 1000100200010000 E) **Rajaswa (Revenue) Shirshak No.:** 14229
3. Electronic Bids must be submitted on or before **12:00 hrs on 13-02-2024 (Falgun 01, 2080 B.S.). The bids will be electronically opened at 13:00 hrs on 13-02-2024 (Falgun 01, 2080 B.S.).**

**Project Chief**

**Mahakulung Rural Municipality**
**Office of the Municipal Executive**
**Bung, Solukhumbu**
**Koshi Province, Nepal**

**Bid Addendum Notice**

**Addendum No: 1**
**Date of Publication: 14-01-2024**

This is to notify that the notice published on 28-12-2023, Contract ID No: MRM/2080/81/CONS/02 Construction of Phulwati Khola Bridge, has been modified as follows with all other information being the same. Please visit www.bolpatra.gov.np to observe the modified Bid Document.

**Addendum:**

| S.No. | Relevant Clause No/Name | Existing Clause | Modified Clause |
|---|---|---|---|
| 1. | Tender Notice: General Construction Experience | Experience under construction contracts in role of contractor, subcontractor, or management contractor for at least last 10 (ten) years prior to the application deadline | Experience under construction contracts in role of contractor, subcontractor, or management contractor for at least last 5 (Five) years prior to the application deadline |

In case of any querries or confusion, please contact at 9852824400

**Act. Chief Administrative Officer**

**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशित मिति : २०८०/०९/२९**

यस कार्यालयले आव्हान गरेको शिलबन्दी दरभाउ पत्र नं. URM/IR/02-2080/81, ढुंगा, गिट्टी, बालुवाको स्थानीय तह निकासी शुल्क संकलन ठेका बन्दोबस्ती सम्बन्धी १५ दिने शिलबन्दी दरभाउपत्रको लागि मिति २०८०/०९/०८ गते राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरुको मुल्यांकन गर्दा निम्न लिखित शिलबन्दी दरभाउपत्र अधिकतम मुल्यांकन भई सारभूत रुपमा प्रभावग्राही भएकोले दरभाउपत्र स्वीकृतिको लागि छनौट गर्ने आसयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | शिलबन्दी दरभाउपत्र नं./ विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने. रु.(VAT सहित) |
|---|---|---|---|
| १. | Contract No. URM/IR/02-2080/81, Collection of stone, aggregate and sand of Pauwa khola ward no.6, quarry site (Quarry Site: Chididhah ( Baijanath Khola) ward no.6, Chididhah (Baijnath Khola) 1 ward no.6, Chididhah (Baijanath Khola) 2 ward no.6, Mauwasi Dobhan 1 Ward No.6, Mauwasi Dobhan 2 Ward No.6 , Mauwasi Dobhan 3 Ward No.6, Jethi Khahare Dobhan ward No.8, Abhithale ( Nepaltar) Ward No.8 ) | Singdan Suppliers and Construction Pvt. Ltd, Bateswar-05, Dhanusha, Nepal | १६,६५,२१९.५३/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# यमनमा अमेरिकी आक्रमण



**काठमाडौं/एजेन्सी–** इरान समर्थित लडाकूसमूहले 'रेड सी' मा पानी जहाजमाथि थप आक्रमण गर्ने चेतावनी दिएपछि अमेरिकाले यमनको हुथी विद्रोहीलाई लक्षित गरी शनिबार पुनः आक्रमण गरेको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ। प्यालेस्टिनी लडाकु समूह हमाससँग इजरायलले गरिरहेको युद्ध प्यालेष्टिनी थप क्षेत्रमा विस्तार हुने देखिएपछि यमनी हुथी समूहले आफ्नो क्षेत्रीय सहयोगी हमासलाई सहयोग गर्दै इजरायलको युद्ध विस्तारविरुद्ध चेतावनी दिएको हो ।

यमनले 'रेड सी' मा इजरायल सम्वद्ध जहाजमाथि आक्रमण बढाएको एक दिनपछि हुथीको राडार साइटमा आक्रमण भएको हो । इरान समर्थित लडाकूको सरकारी सञ्चारमाध्यमले यसअघि यमनको विद्रोहीको नियन्त्रणमा रहेको राजधानी सानामा रहेको अल-दैलामी एयरबेसमा आक्रमण भएको जनाएको थियो। इजरायल-हमास युद्धको विरोधमा हप्तौंदेखि इजरायलसँग जोडिएको पानीजहाजमा आक्रमण गर्दै आएका हुथी विद्रोहीले पहिलो आक्रमणपछि अमेरिका र बेलायतको स्वार्थ 'वैध निशाना' भएको चेतावनी दिएका छन् । बेलायत, संयुक्त राज्य अमेरिका र आठ सहयोगी राष्ट्रले शुक्रबार गरिएको हवाई आक्रमणको उद्देश्य 'तनाव कम गर्ने' रहेको बताएका छन् तर हुथी विद्रोहीले आक्रमण जारी राख्ने प्रतिबद्धता जनाएका छन् । विद्रोहीहरूको सर्वोच्च राजनीतिक परिषद्ले भनेको छ, 'आक्रमणपछि सबै अमेरिकी-बेलायती स्वार्थहरू वैध निशाना बनेका छन् ।'

विद्रोहीका उपविदेशमन्त्री हुसेन अल एज्जीले संयुक्त राज्य अमेरिका र बेलायतले ठूलो मूल्य चुकाउन तयार हुनुपर्ने बताएका छन् । सन् २०१४ मा गृहयुद्ध शुरु भएदेखि नै विद्रोहीहरूले यमनको अधिकांश भाग आफ्नो नियन्त्रणमा लिएका छन् र इजरायल र यी गतिविधि उसका सहयोगीहरूविरुद्ध इरान समर्थित 'प्रतिरोधको उच्चतम' हिस्सा हुन् ।

यमन, लेबनान, इराक र सिरियामा अक्टोबरको सुरुमा गाजामा युद्ध शुरु भएयता इरानसमर्थित समूहमाथि हिंसा बढेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले क्षेत्रीय शान्ति र स्थायित्वका लागि सबै पक्षलाई तनाव नबढाउन आग्रह गरेको महासचिवका प्रवक्ता स्टेफन दुजारिकले जानकारी दिए ।

हुथी विद्रोहीले पानीजहाजमाथि गरेको आक्रमण तत्काल रोक्न माग गर्दै प्रस्ताव पारित गरेको केही दिनपछि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शुक्रबार आपतकालीन बैठक बोलाएको थियो ।

भेटमा अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले हुथी विद्रोहीले 'रेड सी' मा पानीजहाज सञ्चालन गर्दा हुने खतराबाट कुनै पनि जहाज सुरक्षित नरहेको चेतावनी दिएका थिए । रूसी राजदूत भासिली नेबेन्जियाले देशको सम्पूर्ण जनतामाथि भएको 'निर्लज्ज सशस्त्र आक्रमण'को निन्दा गरेका छन् ।

# युद्ध, रोग र भोकमरीको तेहेरो मारको सामना गर्दै गाजावासी

**काठमाडौं/एजेन्सी–** गाजा पट्टीका परिवारहरूले द्वन्द्व, सुरक्षित पानीको अभावबाट हुने रोग र खाद्यान्न अभावका कारण भोकमरीको 'तेहेरो खतरा' को सामना गरिरहेको संयुक्त राष्ट्रसंघका अधिकारीले शनिबार बताएका छन् ।



गाजामा बन्धक बनाइएका बाँकी इजरायली बालबालिकाका लागि पनि यो दुःस्वप्न जारी रहेको र स्थिति तीव्र गतिमा बिग्रँदै गएको उनीहरूले बताएका छन् । प्यालेस्टिनीका लागि संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)की विशेष प्रतिनिधि लुसिया एल्मीले जेरुसेलमबाट भिडियो लिंकमार्फत आयोजित पत्रकार सम्मेलनमा आफू गाजामा एक हप्ता बिताएर भर्खरै फर्केको बताइन् ।

गाजाको पछिल्लो स्थितिले आफूलाई निकै दुःखी बनाएको बताउँदै उनले भनिन्, 'हजारौं बालबालिकाको मृत्यु भइसकेको र तीनवटा अत्यावश्यक समस्या तत्काल सम्बोधन नगरिए अझै हजारौं बालबालिकाले ज्यान गुम्ने जोखिम रहेको छ ।'

बमबारीबाट पीडितका लागि राहतको व्यवस्था गर्न सुरक्षा, सहायता वितरणको लागि रसद, र व्यावसायिक क्षेत्रको पुनः सञ्चालन आवश्यक छ । एल्मीले पत्रकारहरूसँग कुरा गर्दै विगत दुई हप्तामा मात्र गाजामा बालबालिकामा झाडापखालाका घटनाहरु झण्डै दोब्बर भएर ७० हजार पुगेको बताइन् ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०९/२९**

**भानु लोवर सेकेन्डी इङलिस बोड्रिङ स्कुल गुल्मी प्रा.लि.** को मिति २०८०/०९/१५ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भानु सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कूल प्रा.लि. (प्रा.लि. नं.: २९७०७)** साथै साविक ठेगाना परिवर्तन गरी **चन्द्रकोट गाउँपालिका-०३, गुल्मी** कायम गर्ने गरी मिति २०८०/०९/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## UAE मा रोजगार

**कम्पनीः HABASH GENERAL MAINT. CONTR. LLC.**
**शहरः UAE**

पूर्व स्वीकृत मितिः २०८०/०१/०३ | चलानी नं.: ६०२००१४३ | LT. No.: 284790 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stonemason | 9 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 3. | Bricklayer | 4 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 4. | Tile Layer | 2 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |

**कम्पनीः Habash carpentry and floor fixing** — शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१३ | चलानी नं.: ६०१९५७४३ | LT. No.: 280264 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 5 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 4. | Concrete Mason | 4 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 5. | Pipe Fitter | 2 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 6. | Stone Mason | 3 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |
| 7. | Tile Layer | 3 | 0 | | 1200 | ४३,३०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ ७ गते (21 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**लक्की ओभरसिज प्रा. लि.**
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६

## Belauri Municipality
## Office of the Municipal Executive

**Belauri , Kanchanpur**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/W/80/81-09**
**Date of publication: 14-01-2024 10:00**

1. The Belauri Municipality has allocated funds towards the cost of Construction of Black Top Road from Mahangulal Chaudhary home-Udayapur-Sitanagar-Maholiya ward no. 5 Belauri. and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Blacktop Road from Mahangulal Chaudhary home-Udayapur-Sitanagar-Maholiya ward no. 5 Belauri. (Contract No: BELMUN/NCB/W/080/081-09). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Belauri Municipality invites electronic bids from eligible bidders for the construction of Construction of BlackTop Road From Mahangulal Chaudhary home-Udayapur-Sitanagar-Maholiya ward no.5 Belauri. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 9,20,00000
   Minimum Work experience of similar size and nature: 5,52,00000
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp. Municipality, Kanchanpur, Kanchanpur, Sudoor Pachism Province, fee of 10,000.0 NRs. till 13-02-2024 12:00 during office hours. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below: Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastriya Banijya Bank Ltd.** |
| **Name of the Office** | : | **Belauri Municipality** |
| **Office Code no** | : | **801077604** |
| **Office Account no** | : | **4390100301010002** |
| **Rajaswa (revenue) Shirshak no** | : | **BELAURI NA PA(GA-1-1)** |

4. Pre-bid meeting shall be held at Belauri Municipality Kanchanpur Sudoor Pachism Province Nepal at 02-02-2024 10:00 hours.
5. 7. Sealed or electronic bids must be submitted to the office Belauri Municipality, Kanchanpur, Kanchanpur, Sudoor Pachism Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 13-02-2024 13:00. Bids received after this deadline will be rejected.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13-02-2024 14:00 hours at the office of Belauri Municipality Kanchanpur Sudoor Pachism Province Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 2285000 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०९/२९)

तपशिलमा उल्लिखित ऋणीले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरधरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **१. आशा बुटिक**<br>प्रमाण पत्र नं. : १९४५<br>ठेगाना : काठमाडौं ०३, चकपथ काठमाडौं<br>**कर्जा शीर्षक : आवधिक किर्जा** | **१. आशा के.सी**<br>ना.प्र.नं. : २५१०२५-४८<br>जारी मिति : २०६४/१२/१०<br>जि.प्र.का. : दोलखा<br>पति : चन्द्रराज के.सी<br>ससुरा : तिर्थ बहादुर के.सी | **२. चन्द्रराज के.सी**<br>ना.प्र.नं. : २२-०१-७०-०३३३३<br>जारी मिति : २०७०/०८/३०<br>जि.प्र.का. : दोलखा<br>बाबु : तिर्थ बहादुर के.सी<br>बाजे : दिप बहादुर के.सी |

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np




## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/०९/२९**

यस कार्यालयको मिति २०८०/०७/०२ को Construction या Handi khola RCC motorable Bridge ठेक्काको बोलपत्र आह्वानको प्रथम पटक प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट र PS आइटम सहित) |
|---|---|---|---|---|
| १. | २०८०/०८१/१२ | Construction of Handi khola RCC motorable Bridge | Amar-Brothers JV, Biratnagar-13 | रु. ३,७९,८९,९६४।८७ |

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## 'कुटुमा कुटु' २० करोड पटक हेरिने पहिलो नेपाली गीत



**काठमाडौं/मस–** फिल्म 'दुई रुपैयाँ'मा समावेश गीत 'कुटुमा कुटु' युट्युबमा सर्वाधिक हेरिने नेपाली गीत बनेको छ । उक्त गीतले युट्युबमा २० करोड भ्यूजको कीर्तिमानी बनाएको हो । गीत ६ वर्षअघि हाइलाइट्स नेपालको युट्युब च्यानलमा रिलिज भएको थियो ।

